मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १२० ★ ने. सं. ११४६ अनाला थ्व, सप्तमी ★ शनिबार ★ ९ जेठ, २०८३ ★ May 23, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





अमेरिकी साम्राज्यवादले क्युवाका पूर्वराष्ट्रपति नेता राउल क्यास्ट्रोमाथि झूटा ज्यान मुद्दा लगाएपछि साम्राज्यवादको विरोधमा र नेता क्यास्ट्रोप्रति ऐक्यबद्धता जनाउँदै क्युवाली राष्ट्रिय झन्डाका साथ प्रदर्शनमा उत्रेका हजारौँ क्युवाली जनता मे २१, २०२६ का दिन । *तस्बिर : क्युवा डिबेट*

## विदेश अध्ययनबाट फर्केर नेपालको सेवा गर्ने भावना सबैसँग हुनु आवश्यक

भक्तपुर, ८ जेठ । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको आयोजनामा एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले भन्नुभयो, "मानिसले पहिलो श्रम गरेको जङ्गली अवस्थामा शिकार खेलेको भनिन्छ । त्यसयता पशुपालन, कृषि हुँदै उद्योग र व्यापारसम्म मानिस पुगेको हो ।"

डाक्टर, इन्जिनियर, पत्रकार, कवि, कलाकार, वकिल, शिक्षक–प्राध्यापक सबै बौद्धिक मजदुर भएकोले सबैले श्रमलाई सम्मान गर्नु जरूरी भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "विज्ञानले संसारमा पत्ता लगाउन नसक्ने केही नभएको बताउँछ भने अन्धविश्वासले संसार रहस्यको विषय बताउँछ । एउटा खास अवस्थामा पदार्थको गुण बदलिएजस्तै मात्र समाज पनि पुरानोबाट नयाँतर्फ विकास हुन्छ ।"

निर्वाचन प्रजातन्त्रको एउटा प्रक्रियामात्र भएको धारणा राख्दै सचिव सुवालले भन्नुभयो, "निर्वाचनले मानिसको समस्या समाधान गर्न सक्दैन । प्रजातन्त्रले आर्थिक र सामाजिक समानता दिनु जरूरी हुन्छ । नेपालको निर्वाचनमा पनि विद्युतीय मेसिनबाट मतदान र अनलाइन मतदानसम्बन्धी कानुनी मस्यौदा भइरहेको छ । भारत र संरा अमेरिकामा विद्युतीय मेसिनबाट मतदान र अनलाइन मतदान पनि धाँधली भइरहेको सार्वजनिक भयो । यसबारे नेपाली जनता सचेत हुनु आवश्यक छ ।"

"विदेश अध्ययनबाट फर्केर नेपालको सेवा गर्ने भावना सबैसँग हुनु आवश्यक छ । उत्पादनका साधनहरू सामाजिकीकरण नभएसम्म श्रम गर्नेहरूको पारिश्रमिक पुग्दो व्यवस्था सम्भव हुँदैन", उहाँले थप्नुभयो ।

भक्तपुर नगरपालिकालाई नर्सिङ विषय अध्यापनको अनुमति प्राप्त गर्न बीस वर्षअघिका विद्यार्थीहरूले सीटीईभीटीमा धर्ना बसेर आन्दोलन गर्नुपरेको उहाँले स्मरण गर्नुभयो ।

विद्यार्थीहरूलाई ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप बहुप्राविधिक अध्ययन


*बाँकी पृष्ठ ८ मा*


## भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको बिदाइ

भक्तपुर, ८ जेठ । भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाललाई शुक्रबार एक कार्यक्रमबिच बिदाइ गरियो । कार्यक्रममा नगर प्रमुख प्रजापतिले प्रजिअ ढकाललाई पुष्पगुच्छा, खादा र भादगाउँले टोपी लगाई मयुरको झ्याल मायाको चिनोको रूपमा प्रदान गरी बिदाइ गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरका प्रमुख जिल्ला अधिकारीसँग भक्तपुर नपाले सधैँ समन्वय र सहकार्य गर्दै काम गरेको बताउनुभयो । उहाँले प्रजिअ ढकालको आगामी जिम्मेवारीका लागि पनि शुभकामना व्यक्त गर्दै प्रदेशमा बस्दा पनि भक्तपुरसँग समन्वय र सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरको महत्त्वपूर्ण बिस्काजात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग गर्नुभएकोमा प्रजिअ



ढकाललाई धन्यवादज्ञापन गर्नुभयो ।

सोही क्रममा प्रजिअ ढकालले भक्तपुरमा काम गर्ने अवसर पाएकोमा खुसी व्यक्त गर्दै यहाँबाट प्राप्त अनुभव र सहकार्य सधैँ स्मरणीय रहने बताउनुभयो ।

उहाँले भक्तपुरमा करिब सात महिनाको कार्यकाल शान्त र सुखद रूपमा बितेको बताउँदै भक्तपुर सानो, शान्त र व्यवस्थित सहर भएकोले आफ्नो कार्यकालमा कुनै ठुलो चुनौती सामना गर्न नपरेको उल्लेख गर्नुभयो । उहाँले आफ्नै कार्यकालमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले जनप्रतिनिधि, नगरवासी, सङ्घ संस्था, कर्मचारी र सुरक्षा निकायबाट प्राप्त सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

भक्तपुरको प्रसिद्ध बिस्का जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न भएको बताउँदै उहाँले सुरक्षामा कुनै हस्तक्षेप नगरी यस वर्षको बिस्का जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न हुनु नै सुखद पक्ष रहेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले प्रजिअ ढकाललाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो । भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पनि आगामी कार्यकालको लागि शुभकामना दिनुभयो ।

## हर्मुजबारे अमेरिका–इरान सम्झौता अझै अनिश्चित

प्राग, ८ जेठ (एएफपी) । अमेरिका र इरानबिच स्ट्रेट अफ हर्मुजलाई स्वतन्त्र गर्ने सम्झौतामा पुग्ने सम्भावना अझै अनिश्चित रहेको संयुक्त अरब इमिरेट्स (यूएई) का एक वरिष्ठ अधिकारीले शुक्रबार बताएका छन् ।

हर्मुज घाँटी खुला गर्ने सम्झौतामा पुग्न '५०–५०' मात्र सम्भावना रहेको युएईका राष्ट्रपतिका सल्लाहकार अनवर गार्गासले बताउनुभएको हो ।

उहाँले तेहरानलाई मध्यपूर्व युद्धको कमजोर युद्धविरामको समयमा वार्तालाई पटक–पटक रोक्ने र सुरु गर्ने र यसमा बढी सौदाबाजी नगर्न आग्रह गर्नुभयो ।

"इरानी अधिकारीहरूले वर्षौंदेखि धेरै अवसरहरू गुमाएका छन् किनकि उनीहरूले अवसरलाई बढी आँकलन गर्ने प्रवृत्ति छ," गार्गाशले प्रागमा ग्लोब्सेक फोरमलाई सम्बोधन गर्ने क्रममा भन्नुभयो ।

"मलाई आशा छ, उनीहरूले यस पटक त्यसो गर्नेछैनन्," उहाँले अगाडि भन्नुभयो ।

अमेरिकी सैन्य सुविधाहरू रहेको तेलको धनी युएईलाई फेब्रुअरी २८ देखि सुरू भएको ४० दिनको युद्धको क्रममा करिब तीन हजार ३०० ड्रोन र मिसाइलहरूले निशाना बनाएको गर्गासले बताउनुभयो ।

उहाँले भन्नुभयो, "इरानले नाकाबन्दी गरेको हर्मुजले सामान्यतया विश्वव्यापी इन्धन आपूर्तिको पाँच भागको एक भाग ओगट्छ । यो मार्ग सामान्य अवस्थामा फर्कनुपर्छ ।"

## नेपाली नागरिक भएर बाँच्नु गौरवको विषय

केही निराशावादी मानिस नेपाली भएकोमा दुःखमनाउ गर्छन् । तिनीहरू संरा अमेरिका, बेलायत वा अन्य पश्चिमी देशहरूबारे केही कुरा सुनेर, केही पुस्तक पढेर वा केही वर्ष त्यतै बसेको आधारमा ती देशको प्रशंसा गर्छन् । निराशावादी ती नेपालीले पश्चिमा देशहरूको इतिहास पढेको भए वा अन्य मुलुकका जनतालाई ती पश्चिमा देशले गरेको अन्याय अत्याचारबारे जानकारी राखेको भए ती देशहरूलाई आँखा चिम्लेर 'सपनाको देश' र 'सफल प्रजातन्त्रका नमुनाहरू' मान्ने थिएनन् । कहिलेकाहीँ स–साना बालबालिकाहरूले काँचलाई 'हिरा' ठानेजस्तै ज्ञानको अभावकै कारण मानिसहरू त्यस्ता गलत धारणा राख्छन् ।

कोहीकोही भन्ने गर्छन् – हाम्रो देशमा कुनै राम्रो बन्दोबस्त छैन; नागरिक भावना छैन; कामको 'ग्यारेन्टी' ( सुनिश्चितता) छैन, आदि । ती पश्चिमा देशका जनता आजको स्थितिमा पुग्नुमा त्यहाँका पुराना पुस्ताले कति रगत र पसिना बगाए वा परिश्रम गरेका थिए भन्नेबारे ती निराशावादी नेपाली सोच्दैनन् । ती निराशावादीहरूले आफ्नो पुरानो पुस्ता वा आफूहरूले के कस्तो परिश्रम तथा बलिदान गर्‍यौँ भन्नेबारे केही सोचविचार गर्दैनन् ।

कुनै परिश्रम वा बलिदानबिना संसारको कुनै पनि देश उँभो लागेको छैन भने हाम्रो देश अलग्ग हुन सक्दैन । देशले मेहनत र बलिदान मागिरहेको कारणले नै ती निराशावादीहरूले विदेशको भक्ति र विदेश जाने फलाको गरेको हुनुपर्छ ।

समाजमा यस्ता चतुर व्यक्तिहरू पनि छन् जसले विदेशको प्रशंसा गरेर आफ्नो देशलाई हेला गर्दै छन् । देशप्रति घृणा जगाई विदेशमा ज्यामीको रूपमा श्रमिक पठाउने 'भलादमीहरू' पनि कम छैनन् । तिनीहरूमध्ये केही पञ्चायतकै बेलाका ठुलाबडा, नेकाका नेता र कार्यकर्ता, एमाले, माओवादी केन्द्र वा अन्य 'वामपन्थी', 'कम्युनिस्ट' र पुँजीवादी राजनैतिक दलका नेता र कार्यकर्ता हुन् ।


वैदेशिक रोजगारीबाट फर्केका वा दलालले खाइदिएको रकम उतार्न विदेश जान बाध्य भएकाहरू साँचो बोल्छन् । साधारण युवाहरूले 'सार्है दुःख पाएको', 'आफूहरू ठगिएको', 'दलालको जालमा परेको', 'आफ्नै सरकारले त्यस्तो अन्यायमा पर्ने ठाउँमा पठाउन नहुने' जस्ता अभिव्यक्तिहरू दिने गर्छन् । आफ्नो 'इज्जत बचाउन' वा परिवारलाई पीडा नहोस् भनेर वा आफ्नो ठगिएको पैसा फिर्ता पाउन म्यानपावर कम्पनीहरूको पोल खोल्न डराउँछन् ।

यदि युवाहरूले विदेश जानुभन्दा पहिले पश्चिमीहरूले अन्य उपनिवेश देशहरूमाथि गरेको अन्याय, अत्याचार, लुटपाट, हत्या र हिंसाको कुरा थाहा पाएका हुन्थे भने आधाभन्दा बढीले ती म्यानपावर कम्पनी (नेपाली युवाहरू बेच्ने गल्लावालहरू) लाई सराप्दै थुक्थे वा सङ्घर्षका अन्य उपायबाट विरोध गर्थे होलान् !

कतिपय चेलीहरू विदेशमा भोगेको अनेक दुःख, कष्ट र अपमानलाई 'नरक' का कथाहरू भनी सम्झनसमेत मन पराउन्नन् । तिनीहरू ठगहरूलाई


*बाँकी पृष्ठ ८ मा*


### व्यङ्ग्यचित्र कुनो





भक्तपुरको ऐतिहासिक पहिचान बोकेको सिद्धपोखरीको मर्मत कार्य भइरहेको छ। पोखरीमा रहेको पानी सुकाएर पोखरीको मर्मतसम्भार भइरहेको हो।
*तस्विर : 'मजदुर' दैनिक*

# आधारभूत विद्यालय समिति भक्तपुरको आयोजनामा चित्रकला प्रतियोगिता

भक्तपुर, जेठ ७। सन्तति आधारभूत विद्यालयको संयोजनमा आधारभूत विद्यालय समिति भक्तपुरको वार्षिक कार्यतालिकाअनुसार शुक्रबार चित्रकला प्रतियोगिता सम्पन्न भयो।

आधारभूत विद्यालयका अध्यक्ष, कार्यक्रमका सभापति एवं हंस बाहिनी आविका प्रअ सूर्यबहादुर फोजूले आधारभूत विद्यालय समिति विद्यार्थीहरूको अन्तरनिहित क्षमता प्रस्तुत गर्ने मञ्चको रूपमा रहेको बताउँदै सोहीअनुरूप विभिन्न कार्यक्रम गरिरहेको बताउनुभयो।

कार्यक्रम संयोजक एवं विद्यालयका प्रअ दीपक माकले विद्यार्थीको अतिरिक्त क्रियाकलापमा उल्लेख्य सहभागिताले चौतर्फी विकासमा सहयोग पुग्ने बताउनुभयो

प्रतियोगिता निर्णायक एवं चित्रकार बालकृष्ण बनमालाले कलाको माध्यमबाट विद्यार्थीहरूले आफ्नो भविष्यलाई निर्क्योल गर्ने बताउनुभयो।

कक्षा १ देखि ३ स्तरीय छात्र चित्रकला प्रतियोगितामा बालसेवक




आविका युवराज घर्तीमगर प्रथम, सन्तति आविका युजन तामाङ द्वितीय, ब्रह्मायणी आविका कुशल तामाङ तृतीय तथा गणेश माविका रितिक जैसवाल एवं भीम आदर्श आविका रिदम तामाङ संयुक्तरूपमा सान्त्वना भएका थिए।

कक्षा १ देखि ३ स्तरीय छात्रा चित्रकला प्रतियोगितामा तारा माविका सन्ध्याकुमारी साह प्रथम, गणेश माविका उजला रजक द्वितीय, नवीन आविका रूक्सना खातुन तृतीय तथा ब्रह्मायणी आविका कृति कलवार एवं बालसेवक आविका सोनिया नेपाली संयुक्तरूपमा सान्त्वना भएका थिए।

कक्षा ४/५ स्तरीय छात्र चित्रकला प्रतियोगितामा सन्तति आविका कासल सेराला प्रथम, नवीन आविका नेमार तामाङ द्वितीय, ब्रह्मायणी आविका सुनिल ठाकुर तृतीय तथा समाज सुधार माविका श्रृयल सिमाछ्वा एवं हंस बाहिनी आविका मुस्कान बाठामगर संयुक्तरूपमा सान्त्वना भएका थिए।

कक्षा ४/५ स्तरीय छात्रा चित्रकला प्रतियोगितामा गणेश माविका रिरिका श्रेष्ठ प्रथम, ब्रह्मायणी आविका प्रीती कलवार द्वितीय, तारा माविका गङ्गामाया घोले तृतीय तथा हंस बाहिनी आविका नम्रता आलेमगर एवं बालसेवक आविका पुन्ना लामा संयुक्तरूपमा सान्त्वना भएका थिए।

कक्षा ६ देखि ८ स्तरीय छात्र चित्रकला प्रतियोगितामा गणेश माविका पङ्कज महत्तो प्रथम, दत्तात्रय आविका समीर थामी द्वितीय, तारा माविका वसन्त श्रेष्ठ तृतीय तथा बालसेवक आविका आयुष तामाङ सान्त्वना भएका थिए।

कक्षा ६ देखि ८ स्तरीय छात्रा चित्रकला प्रतियोगितामा बालसेवक आविका खुसी इङ्नाम प्रथम, गणेश माविका सकिला स्याङतान थामी द्वितीय, तारा माविका सुनिस्था घेमोसु तृतीय तथा सन्तति आविका निशिका खत्री सान्त्वना भएका थिए।

आधारभूत विद्यालय समिति भक्तपुरको वर्षको पहिलो प्रतियोगिता चित्रकला प्रतियोगिता हो। ६ चरणमा सम्पन्न भएको उक्त प्रतियोगितामा २४ वटा विद्यालयमध्ये १८ वटा विद्यालयका ७० जना छात्रछात्राहरूको सहभागिता रहयो।

# सार्वजनिक सवारीसाधनमा अब 'लगेज ट्याग' राख्ने सहमति

काठमाडौँ, ८ जेठ। सार्वजनिक यातायातमा यात्रु गर्ने सर्वसाधारणको सामानमा लगेज ट्याग राख्न ट्राफिक प्रहरी र यातायात व्यवसायीबिच सहमति भएको छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारी र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष सरोज सिटौलाबिच शुक्रबार सहमति भएको हो।

सार्वजनिक यातुवाहक सेवामा यात्रुहरूको ब्याग वा लगेज सुरक्षित व्यवस्थापन गर्न अनिवार्य रूपमा ट्याग प्रणाली लागू गर्न दुई पक्षबिच सहमति भएको हो।

यसका लागि व्यवसायीले मातहतका सबै सार्वजनिक सवारीसाधनमा यात्रुहरूको झोलामा अनिवार्य रूपमा दुईप्रति ट्याग गर्नुपर्ने भएको हो।

एउटा ट्याग यात्रुको सामानमा टाँस्ने र सामानको ट्याग भिडान गरेर मात्र सामान फिर्ता गर्ने दुई पक्षबिचको सहमतिमा उल्लेख छ।

गन्तव्यमा पुगेपछि यात्रुसँग भएको ट्याग र सामनको ट्याग भिडान गरीमात्रै सामान फिर्ता गर्ने, यसका लागि चालक र सहचालकलाई तालिम दिने लगायतका सहमति भएका छन्।

यसबिच सवारीसाधनमा खटिने कर्मचारीको तर्फबाट लापरवाहीका कारण सामान हराएमा वा क्षति भएमा कानुन वा आपसी सहमतिअनुसार यात्रुलाई उचित क्षतिपूर्ति दिनुपर्ने भएको छ।

ट्याग हराएको यात्रुको हमा आधिकारिक पहिचान र सामानको पूर्ण विवरण पुष्टि नभएसम्म सामानको जिम्मा नलगाइने भएको हो।

# महासङ्घको वरिष्ठ उपाध्यक्षमा वैद्य र कोषाध्यक्षमा प्रधान

काठमाडौँ, ८ जेठ। नेपाल उद्योग वाणिज्य महासङ्घको वरिष्ठ उपाध्यक्षमा सुरकृष्ण वैद्य र कोषाध्यक्षमा मनिषलाल प्रधान निर्वाचित हुनुभएको छ।

शुक्रबार सम्पन्न निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा वैद्य ५६ मत प्राप्त गरी विजयी हुनुभयो भने रामचन्द्र सङ्घाईले ३० मत प्राप्त गर्नुभयो। वरिष्ठ उपाध्यक्ष पदका लागि सुरकृष्ण वैद्य, रामचन्द्र सङ्घाई र हेमराज ढकालले मनोनयन गर्नुभएको थियो। तर, ढकालले पछि उम्मेवारी फिर्ता लिनुभएको थियो।

कोषाध्यक्ष पदमा विजयी मनिषलाल प्रधानले ६१ मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी अम्बिकाप्रसाद पौडेलले २५ मत प्राप्त गर्नुभयो।

महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले शुक्रबारै दुई जना महिलासहित ६ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गर्नुभएको छ। मनोनीत हुनेहरूमा शिवप्रसाद घिमिरे, मनिषलाल प्रधान, नवीन रिजाल, गोकर्ण कार्की, दर्शना श्रेष्ठ र सहारा जोशी रहनुभएको छ।

महासङ्घको विधान धारा २९ को (च) १० को व्यवस्थाअनुसार सबै सदस्य समूहको प्रतिनिधित्व हुने गरी कम्तीमा दुई जना महिलासहित सात जना सदस्य मनोनीत गर्न पाउने प्रावधान छ। विधानत: बाँकी रहेको एक सदस्य पदमा भने मनोनयन गर्न बाँकी छ।

# देशभक्त विद्यार्थी तयार गर्नुपर्ने

भक्तपुर, ८ जेठ। वाइज ल्यान्ड सेकेन्डरी स्कूलमा नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत र ई.सी.ए. समितिले प्रत्येक शुक्रबार गर्दै भएको अतिरिक्त क्रियाकलापमा सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण कार्यक्रम शुक्रबार सम्पन्न भयो।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल आशाकुमार चिकंबञ्जारले विद्यालयमा अध्ययन गर्न पठाउनुभएका अभिभावक र विद्यार्थीहरूलाई धन्यवाद व्यक्त गर्दै सर्वसाधारण व्यक्तिले समेत तिर्न सक्ने शुल्कमा निजी विद्यालयमा पढाउन चाहनेहरूको लागि ३३ वर्षदेखि सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको स्मरण गर्नुभयो।

जिल्लामा प्रथम, द्वितीय र तृतीय हुन सफल तथा २०६० को बायूचले बोर्ड नवौं ल्याएको स्मरण गर्दै उहाँले पढाइको गुणस्तरमा कुनै कमी नहुने, अनुशासित र स्तरीय ज्ञान भएका विद्यार्थीहरू उत्पादन गर्दै आएको जानकारी गराउनुभयो।

देशभक्त विद्यार्थीहरू तयार गर्नुपर्ने आजको आवश्यकतालाई महसुस गर्दै उहाँले विद्यालय अगाडि बढिरहेको बताउनुभयो।

नवागन्तुक विद्यार्थी, अध्ययनरत विद्यार्थी र शिक्षिका स्वस्तिका दुलालले पनि बोल्नुभएको थियो। कार्यक्रमको बिच बिचमा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

# कानुनविपरीत प्रयोग गरिएका 'डाक्टर' शब्द १५ दिनभित्र हटाउन निर्देशन

काठमाडौँ, ८ जेठ। नेपाल मेडिकल काउन्सिलले आफ्नो नामका अगाडि कानुनविपरीत रूपमा प्रयोग गरिएको 'डाक्टर' (डा.) शब्द हटाउन निर्देशन दिएको छ। काउन्सिलका निमित्त रजिष्ट्रार डा. दीपेन्द्र पाण्डेले जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्ने गरेको पाइएकाले बताउँदै उक्त 'डाक्टर' शब्द १५ दिनभित्र हटाउन आग्रह गर्नुभयो।

काउन्सिलमा दर्ता भएका चिकित्सक तथा आफ्नो विधागत परिषद् ऐनद्वारा चिकित्सक उपाधि प्राप्त गरेकाबाहेक अन्य सम्बन्धित परिषद्मा दर्ता रहेका वा नरहेका जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि अवैध वा नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्न नपाइने उहाँले बताउनुभयो।

काउन्सिलले नेपालमा आधुनिक चिकित्सा प्रणालीअन्तर्गत बिरामीको उपचार गर्ने, परामर्श दिन र नामको अगाडि डाक्टर/चिकित्सक पद प्रयोग गर्ने कानुनी अधिकार नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम काउन्सिलमा दर्ता भएका चिकित्सकमा मात्र रहेको उहाँले जानकारी दिनुभयो। उहाँले आधिकारिक कागजपत्र, प्रेस्क्रिप्सन प्याड, क्लिनिकको साइनबोर्ड, भिजिटिङ कार्ड तथा सबै सामाजिक सञ्जालबाट त्यस्ता अवैध वा नियमविपरीत डाक्टर लेख्नेलाई तत्काल हटाउन निर्देशन दिनुभएको हो।

काउन्सिलले काउन्सिलमा दर्ता भएका चिकित्सकबाहेक अन्य जुनसुकै विधा वा परिषद्मा दर्ता भएका वा नभएका व्यक्तिका नामको अगाडि डाक्टर (डा.) उपाधि प्रयोग गरी आधुनिक चिकित्साको भ्रम सिर्जना गरेमा वा आधुनिक औषधि सिफारिस गरेको पाइएमा काउन्सिलको ऐनबमोजिम तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँ जरिवाना तिर्नुपर्ने उल्लेख छ।

काउन्सिलले स्वदेश वा विदेशका विभिन्न विश्वविद्यालयबाट प्रमाणपत्रमा 'डाक्टर' शब्द उल्लेख भई शैक्षिक उपाधि प्राप्त गर्नुको अर्थ स्वतन्त्र रूपमा चिकित्सीय अभ्यास गर्ने अनुमति स्वत:प्राप्त नभएको बताएको छ। *(रासस)*

# वैशाखमा २३ सय बढी फरार प्रतिवादी पक्राउ

काठमाडौँ, ८ जेठ। नियमित गस्तीमा रहेको प्रहरीले टोलीले गत वैशाख महिनामा देशका विभिन्न स्थानबाट विभिन्न मुद्दाका दुई हजार ३१९ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार केन्द्रीय अनुसन्धान ब्यूरोबाट १२, काठमाडौँ उपत्यका प्रहरी कार्यालयबाट ३६६, कोसी प्रदेशबाट ३२६, मधेसबाट ७३०, वागमतीबाट १९९, गण्डकीबाट २०४, लुम्बिनीबाट ३३०, कर्णालीबाट ६८ र सुदूरपश्चिमबाट ८४ जना पक्राउ परेका हुन्।

उक्त अवधिमा पक्राउ परेका प्रतिवादीलाई तोकिएको ८२५ वर्ष दुई महिना २५ दिन कैद सजाय कार्यान्वयनमा आएको प्रहरीले जनाएको छ। उनीहरूबाट रु. २१ करोड ५३ लाख ६९ हजार ११० जरिवाना असुलउपर गरिएको छ।

प्रहरीले कर्तव्य ज्यान, लागुऔषध, जबर्जस्ती करणी, बैङ्किङ कसुर, ठगीलगायत विभिन्न मुद्दामा फैसला ठहर भई फरार रहेका प्रतिवादी पक्राउ गर्न विशेष अभियान सञ्चालन गर्दै आएको छ। *(रासस)*

# वागमती प्रदेशसभाको वर्षे अधिवेशन जेठ ११ गतेका लागि आह्वान

वागमती, ८ जेठ। वागमती प्रदेशसभाको वर्षे अधिवेशन यही जेठ ११ गतेका लागि आह्वान गरिएको छ। वागमती प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले प्रदेशसभाको वर्षे अधिवेशन जेठ ११ गते दिउँसो १:०० बजेका लागि आह्वान गर्नुभएको हो।

प्रदेश प्रमुखको कार्यालयले शुक्रबार जारी गरेको सूचना अनुसार प्रदेश प्रमुखले संविधानको धारा १८३ को उपदफा (१) बमोजिम प्रदेशसभाको वर्षे अधिवेशन आह्वान गर्नुभएको उल्लेख छ। वागमती प्रदेश सरकारमन्त्री परिषद्को बिहीबार बसेको बैठकले प्रदेशसभाको वर्षे अधिवेशन जेठ ११ गते दिउँसो १:०० बजेका लागि आह्वान गर्ने निर्णय गरेको थियो। उक्त अधिवेशन आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेटमा केन्द्रित रहने छ। *(रासस*

## सङ्क्षिप्त समाचार

## क्यान्सरको प्रभावकारी उपचारमा किस्ट र मेदान्ताबिच सहकार्य

काठमाडौँ, ८ जेठ । क्यान्सरको उपचारसम्बन्धी सेवालाई विशेषज्ञसहित अत्याधुनिक र बहुविषयगत बनाउन किस्ट शिक्षण अस्पताल र भारतको मेदान्ता गुरुग्रामबिच सहकार्यमा भएको छ । हाल नेपालमा रहनुभएका मेदान्ता गुरुग्रामका क्यान्सर रोग विशेषज्ञ डा. सत्यपाल कटारियासहितको टोलीसँगको छलफलपछि सहकार्य गरी सेवालाई थप प्रभावकारी बनाउने विषयमा विमर्श भएको हो ।

मेदान्तासँगको सहकार्यले नेपालका क्यान्सर बिरामीलाई अन्तर्राष्ट्रियस्तरको विशेषज्ञ सेवा सहज रूपमा उपलब्ध गराउन सकिने भएको किस्ट अस्पतालका क्यान्सर उपचार सेवा विभागका प्रमुख प्राडा विष्णुदत्त पौडेलले बताउनुभयो ।

छलफलमा किस्ट शिक्षण अस्पतालका विशेषज्ञ चिकित्सकका साथै विभिन्न अस्पताल तथा संस्थाबाट आएका वरिष्ठ चिकित्सक तथा चिकित्सा विशेषज्ञको सहभागिता थियो । उहाँहरूबिच क्यान्सर उपचारका नवीनतम् प्रविधि, जटिल बिरामीको बहुविषयगत व्यवस्थापन तथा अन्तर्राष्ट्रिय सहकार्यका विषयमा छलफल भएको थियो ।

डा. पौडेलका अनुसार किष्ट अस्पतालमा अनुभवी क्यान्सर शल्य चिकित्सक, क्यान्सर रोग विशेषज्ञ, रक्तसम्बन्धी क्यान्सर विशेषज्ञ तथा अन्य विशेषज्ञको टोलीमार्फत टाउकोदेखि खुट्टासम्म हुने सबै प्रकारका क्यान्सरको पहिचान, शल्यक्रिया तथा उपचार सेवा उपलब्ध हुँदै आएको छ । किस्ट क्यान्सर केन्द्रले टेलिमेडिसिन (प्रविधिको प्रयोग गरेर टाढैबाट बिरामीको जाँच, परामर्श र उपचार गर्ने प्रक्रिया) मार्फत दोस्रो राय तथा टेली परामर्श सेवासमेत प्रदान गर्दै आएको छ । *(रासस)*

## सङ्घमा व्यवसाय र मानव अधिकार विषयक छलफल

विराटनगर, ८ जेठ । उद्योग व्यापार सङ्घमा व्यवसाय र मानवअधिकारका विषयमा छलफल कार्यक्रम सम्पन्न भएको छ । मोरङ उद्योग व्यापार सङ्घको समन्वयमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), कोसी प्रदेशले सङ्घमा 'व्यवसाय र मानवअधिकार' विषयक छलफल कार्यक्रम शुक्रबार सम्पन्न भएको हो । विभिन्न औद्योगिक/व्यावसायिक प्रतिष्ठानहरूबाट करिब ५० जनाको सहभागिता रहेको सो कार्यक्रममा मानव अधिकार अभियन्ता देवी बाँस्कोटाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा व्यवसाय र मानवअधिकारको अन्तरसम्बन्ध, उद्योगी/व्यवसायीको संरक्षण एवं सम्वर्द्धनार्थ राज्यको भूमिका, व्यवसायद्वारा सामाजिक उत्तरदायित्व, व्यवसाय र मानवअधिकार सम्बन्ध, संयुक्त राष्ट्र सङ्घीय सिद्धान्तलगायत विषयमा जानकारी गराई छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रममा मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल, राष्ट्रिय मानवअधिकार आयोगको कोसी प्रदेश प्रमुख वीरबहादुर बुढामगर र मोरङ उद्योग व्यापार सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार साहको उपस्थिति थियो । *(रासस)*

## तरलता व्यवस्थापनका लागि एक खर्ब रकम उठाउँदै राष्ट्र बैङ्क

काठमाडौँ, ८ जेठ । नेपाल राष्ट्र बैङ्कले तरलता व्यवस्थापनका लागि शुक्रबार रु. एक खर्ब बराबरको रकम उठाउन लागेको छ । केन्द्रीय बैङ्कले सूचनामार्फत कूल ६१ दिनका लागि निक्षेप सङ्कलन उपकरणको बोलकबोल गर्न लागिएको जनाएको छ । शुक्रबार अपराह्न ३:०० बजेसम्म अनलाइन बिडिङ सिस्टम सफ्टवेयरमार्फत रकम बोलकबोल हुनेछ । उक्त रकमको साँवा तथा ब्याज भुक्तानी भने आगामी साउन ६ गते हुनेछ । घटीमा रु. १० करोड र बढीमा रु. पाँच करोडले भाग गर्दा नि:शेष भाग जाने गरी कूल आह्वान रकमसम्म आवेदन दिन सकिनेछ । *(रासस)*


## रघुगङ्गामा स्थानीय पाठ्यपुस्तक लागू

म्याग्दी (बेनी), ८ जेठ । म्याग्दीको रघुगङ्गा गाउँपालिकाले स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक तयार गरी पठनपाठन सुचारु गरेको छ ।

चालु शैक्षिक सत्रदेखि कक्षा १ देखि ३ सम्म पठनपाठन हुने गरी गाउँपालिकाले स्थानीय पाठ्यपुस्तक 'हाम्रो रघुगङ्गा' तयार गरेको हो । गाउँपालिकाले स्थानीय पाठ्यपुस्तक तयारका लागि जनता मावि दग्नामका प्रधानाध्यापक गुन पुनको नेतृत्वमा गठन गरेको कार्यदलले पुस्तक तयार गरी प्रकाशन गरेको हो । एक सय पूर्णाङ्कको पठनपाठन हुने गरी स्थानीय पाठ्यपुस्तकको रूपमा पालिकाभित्रका ३३ सामुदायिक र एक संस्थागत विद्यालयमा अध्ययन गर्ने कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई उक्त पुस्तक पठनपाठन गराउन सुरु गरिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख नहेन्द्र आचार्यले जानकारी दिनुभयो ।

उक्त पाठ्यपुस्तक एक कार्यक्रमबिच गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी, उपाध्यक्ष प्रेमकुमारी पुन, प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेल, शिक्षा विकास तथा समन्वय एकाइ म्याग्दीका प्रमुख विदुर चापागाईले विमोचन गर्नुभएको हो । विद्यालय तहका बालबालिकालाई पालिकाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, कला, स्थानीय सीप र प्रविधि, कृषि, पशुपालनलगायतबारे जानकारी गराउन स्थानीय पाठ्यपुस्तकले सहयोग पुग्ने गाउँपालिका अध्यक्ष भण्डारीले बताउनुभयो । उहाँले पालिकाले छिट्टै कक्षा ४ र ५ को समेत पाठ्यपुस्तक तयार गर्ने जानकारी दिनुभयो । स्थानीय पाठ्यपुस्तकले विद्यार्थीलाई आफ्नै पालिकाको समग्र चिनारी गराउने छ ।

पुस्तक निर्माण कार्यदलका संयोजक पुनले पालिकाका सबै बस्तीमा पुगेर आवश्यक विवरण तथा तस्बिर र सुझाव सङ्कलन गरी पालिकाको चिनारी हुने गरी पाठ्यपुस्तक तयार गरिएको बताउनुभयो । *(रासस)*



**निर्माणाधीन चार लेनको पक्की पुल**

बन्दीपुर (तनहुँ) । पृथ्वीराजमार्गको पोखरा–मुग्लिन सडक विस्तार आयोजनाअन्तर्गत तनहुँको व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि निर्माणाधीन चार लेनको पक्की पुल । *तस्बिर : सागर गिरी/रासस*

# सीमान्तकृत विद्यार्थीलाई उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति कार्यक्रम

कञ्चनपुर, ८ जेठ । आर्थिक अभावकै कारण उच्च शिक्षाबाट वञ्चित हुनसक्ने सीमान्तकृत तथा विपन्न समुदायका विद्यार्थीलाई सहयोग गर्ने उद्देश्यले कृष्णपुर नगरपालिकाले यस वर्षदेखि 'लवरु राना थारू उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम' सञ्चालनमा ल्याएको छ ।

सामाजिक न्याय, समावेशी शिक्षा तथा पछाडि पारिएका समुदायको शैक्षिक पहुँच विस्तार गर्ने लक्ष्यसहित नगरपालिकाले छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको हो । नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइने जनाएको छ ।

कार्यक्रम विशेषगरी अपाङ्गता भएका, दलित, जनजाति, मुक्त कमलहरी तथा नेपाल सरकारद्वारा अतिसीमान्तकृत र लोपोन्मुख घोषणा गरिएका समुदायका विद्यार्थीलाई लक्षित गरिएको छ ।

त्यसैगरी, राजी, माझी, सातार, सन्थाल, थामी, बादी, मुक्तकमैया, हलिया, चरुवा र राउटे समुदायका विद्यार्थीलाई प्राथमिकतामा राखिएको छ ।

कार्यक्रमको नाम तत्कालीन पञ्चायती व्यवस्थामा राना थारू समुदायबाट मन्त्री बन्ने पहिलो व्यक्ति लवरु राना थारूको नाममा राखिएको छ । तत्कालीन सयममा लवरु राना थारूलाई यस क्षेत्रको समाजको अगुवा तथा समाज सुधारकका रूपमा चिन्ने गरिन्थ्यो । यस छात्रवृत्तिको कार्यक्रमलाई स्थानीय पहिचान तथा आदिवासी समुदायप्रतिको सम्मानसँग जोडेर हेरिएको छ ।

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझाका अनुसार छात्रवृत्ति पाउनका लागि विद्यार्थी पालिका क्षेत्रभित्रका क्याम्पसमा नियमित अध्ययनरत हुनुपर्ने, अन्य छात्रवृत्ति लिइरहेको भए त्यो खुलाउनुपर्ने तथा सम्बन्धित क्याम्पसको सिफारिसपत्र अनिवार्य पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । विद्यार्थीबाट आवेदन सङ्कलन भएपछि विनियोजित बजेटबाट दामासाहीका रूपमा छात्रवृत्तिको रकम प्रदान गरिने बताइएको छ ।

स्थानीय तहले ल्याएको यो कार्यक्रमलाई शिक्षा क्षेत्रमा सकारात्मक पहलका रूपमा हेरिएको छ । यस कार्यक्रमले आर्थिक रूपमा कमजोर तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायका विद्यार्थीलाई उच्च शिक्षातर्फ आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

"छात्रवृत्तिका लागि छनोट प्रक्रिया पारदर्शी, निष्पक्ष र पहुँचभन्दा आवश्यकतामा आधारित हुन्छ", नगरप्रमुख हेमराज ओझाले भन्नुभयो, "वास्तविक रूपमा आर्थिक अभावका कारण पढाइ प्रभावित भएका विद्यार्थीलाई प्राथमिकतामा राखेर छात्रवृत्ति वितरण गरिनेछ ।" उहाँले छात्रवृत्ति कार्यक्रममार्फत सीमान्तकृत समुदायका विद्यार्थीलाई शिक्षामार्फत सशक्त बनाउने तथा उच्च शिक्षामा पहुँच विस्तार गर्ने लक्ष्य रहेको बताउनुभयो । *(रासस)*

## बकर इदको अवसरमा जेठ १४ सार्वजनिक बिदा

काठमाडौँ, ८ जेठ । सरकारले यही जेठ १४ गते इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद (इद-उल-अज्हा) परेकाले उक्त दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । मुस्लिम आयोगबाट यही जेठ १४ गते बिहीबारका दिन बकर इद (इद-उल-अज्हा) परेको व्यहोरा जानकारी प्राप्त हुन आएको उल्लेख गर्दै सो दिन सार्वजनिक बिदा दिने निर्णय गरिएको गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो ।

सरकारद्वारा विसं २०८२ माघ १८ गते नेपाल राजपत्रमा प्रकाशित गरिएको सूचनाअनुसार इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद पर्ने दिन सार्वजनिक बिदा दिने व्यवस्था गरेको थियो । सरकारले यस पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका इस्लाम धर्मावलम्बीहरूका साथै सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामनासमेत व्यक्त गरेको छ । *(रासस)*

**बीमा लेख हराएको सूचना**

मिति २०८३-०१-३० गते भक्तपुर (पिखेल)बाट कोटेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि.** बाट जारी भएको बीमा लेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : कमला थापा
**बि.ले.नं.** : २३००००८९२
**ठेगाना** : चा.न.पा.-०५, भक्तपुर
**मो.नं.** : ९८४१६०५२४९

**शंख बचत तथा ऋण सहकारी संस्था लि.**

मध्यपुर थिमि-६, भक्तपुर, फोन नं. ०१-६६३८३३८

**ऋणी सदस्यहरुलाई धितो लिलामसम्बन्धी २१ दिने जरुरी सूचना**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि उपयोग गर्नुभएको कर्जा तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटकपटक मौखिक तथा लिखित रूपमा ताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा पनि आलटाल गरी बेवास्ता गरी यस संस्थालाई बुझाउनुपर्ने कर्जा नबुझाई, कर्जा तथा सहकारी सुविधासम्बन्धी सर्त बन्देज उल्लङ्घन गरेकोले यस सहकारीको नाममा धितो बन्धक लेखिदिएको तपसिलको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा धितो लिलाम बिक्री गर्नको लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ । सो सम्पत्ति खरिद गर्न इच्छुक फर्म, सङ्घ संस्था, कम्पनी वा व्यक्तिबाट आफूले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो खोली यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस सहकारी संस्थाको केन्द्रीय कार्यालयबाट उपलब्ध गराएको फारम भरी सिलबन्दी बोलपत्र सोही कार्यालयमा पेस गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ऋणीको नाम, थर र ठेगाना | जग्गाको विवरण |
|---|---|
| **नाम** : डम्बरबहादुर श्रेष्ठ<br>**सदस्यता नं.** : ०००८७०<br>**बुबा** : नरबहादुर श्रेष्ठ<br>**बाजे**: ध्वजवीर श्रेष्ठ<br>**ठेगाना** : टकिाथली-९ | डम्बरबहादुर श्रेष्ठ र आयुष श्रेष्ठको नाममा कायम भएको ललितपुर मालपोत कार्यालयमा दर्ता रहेको टकिाथली-९ स्थित कित्ता नं. २४४ को ८० वर्ग.मि.को जग्गा र घरसमेत |

**सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान**

**मिति** : २०८३/०२/२९
**समय** : बिहान ११:०० बजे
**स्थान** : मध्यपुर थिमि नगरपालिका वडा नं. ६, कार्यालय भवन

।सम्पादकीय।

# मार्गनिर्देशन कार्यक्रमबाट विद्यार्थीमा ऊर्जा मिल्ने

माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सार्वजनिक भएसँगै विद्यालय विद्यालयले बधाई तथा मार्गनिर्देशन कार्यक्रम गरिरहेका छन् । उच्च मावि र कलेजमा भर्नाअघि विद्यार्थीको निम्ति मार्गनिर्देशन कार्यक्रम आवश्यक पनि छ । कुन उच्च मावि, कलेजमा के विषय लिएर पढ्ने भनी अन्योल छाइरहेको बेला हुने मार्गनिर्देशन कार्यक्रमले विद्यार्थीमा ऊर्जा थप्नेछ र आ-आफ्नो रूचि, क्षमता, योग्यता र घरको आर्थिक स्थितिअनुसार विषय चयन गर्न सजिलो हुनेछ । विद्यालयको उद्देश्य सस्तोमा गुणस्तरीय शिक्षा दिनुमात्र होइन विद्यार्थीको चरित्र निर्माण गर्नु पनि हो । उनीहरूको जीवन सुनिश्चित गर्न बाटो कोर्ने, देशको लागि आवश्यक दक्ष, सक्षम, योग्य, देशभक्त र अनुशासित नागरिक बनाउनु शिक्षक, अभिभावक, बुद्धिजीवी तथा समाजसेवीहरूको दायित्व पनि हो ।

विद्यार्थीलाई जसरी भए पनि उत्तीर्ण गराएर, प्रमाणपत्र भिडाएर मात्र उनीहरूको जीवन सुनिश्चित हुँदैन । अनुत्तीर्ण भएका विद्यार्थीलाई अङ्क थपेर उत्तीर्ण गर्दा उनीहरू झन्झन् पढाइमा कमजोर हुनेछन् । त्यस्ता विद्यार्थीहरूसँग प्रमाणपत्र भए पनि न व्यवहारिक ज्ञान हुन्छ, न संस्कृति र संस्कार नै हुन्छ । शिक्षक र अभिभावकले आफ्ना सन्तानलाई चरित्र निर्माण गर्ने, संस्कार संस्कृति सिकाउने र व्यवहारिक ज्ञानबारे सुसूचित पारेनन् भने उनीहरू समाज र संस्कारबाट टाढिने छन्; उनीहरू एकोहोरो हुनेछन् । एकपछि अर्को तिरस्कृत हुँदै गएपछि उनीहरू कुसंस्कार, कुलतमा लागेर बिग्रिन बेर लाग्दैन । कुलतमा लागे, जाँड रक्सी खाएर हो हल्ला गर्न थाले, लागूऔषधको सुई लिएर जीवन बिताउन थालेपछि उनीहरूलाई सही बाटोमा ल्याउन गाऱ्हो हुन्छ । अनि उनीहरू आफ्नै साथीभाइसँग झगडा गर्ने, झगडा गर्न ग्याङ फाइट गर्ने, बटुवाहरूसँग चोरीचकारी गर्ने, लुट्नेमात्र होइन हत्या हिंसाका घटनामा प्रत्यक्ष या अप्रत्यक्षरूपमा सामेल हुन बेर लाग्दैन ।

हरेक सन्तानलाई कुलतबाट जोगाउन घरमा अभिभावक र विद्यालयमा शिक्षकले राम्रो संस्कार दिने, समाज या समुदायसँग मिलेर बस्ने वातावरण तयार गर्नुपर्छ । शिक्षक र अभिभावकको चाहना कुनै पनि विद्यार्थीको जीवनमा दाग नलागोस् भन्ने हुन्छ । शुद्ध रगत बग्ने नसामा सुर्ती, लागूऔषधको झोल बग्यो भने उसको जीवन बर्बाद हुन्छ । यसले आफ्नो सन्तानलाई मात्र होइन परिवार र समाजलाई नै हानि गर्छ । सङ्गतले नै मानिसलाई सही या गलत ठाउँमा पुऱ्याउँछ । गलत व्यक्तिको सङ्गले गलत परिणाम नै निम्त्याउँछ । त्यस्ता विद्यार्थीहरू पढाइमा कमजोर हुन्छन् या पढ्न रूचाउँदैनन् । उनीहरू उत्तीर्ण नै भए पनि देशको निम्ति आवश्यक दक्ष जनशक्ति तयार हुँदैन । आजका कमजोर विद्यार्थीहरू भोलि मुख्य मुख्य पदमा पुगेमा के उनीहरूले पदअनुसार आफ्नो जिम्मेवारी पूरा गर्न सक्लान् ?

मनोरञ्जनको नाउँमा घुमफिर गर्ने, चुरोट, गाजा, भाङ, चरेस खाने, एकान्त स्थानमा गई लागूऔषधको सुई लिई आफ्नो मानसिक सन्तुलन गुमाउने काम कसरी सही हुन्छ ? पदमा पुग्न र नोकरी गर्नको निम्ति नक्कली प्रमाणपत्र तयार गर्नेहरुले देश र जनताको सेवा कसरी गर्छन् ? जनतामा सांस्कृतिक स्तर नभएर र राजनीतिक रूपले सुसूचित नभएकै कारण निर्वाचनमा गलत व्यक्तिहरू निर्वाचित भएको हामीले देखेको भोगेकै हो । नयाँ पुस्तामा राजनीतिक चेतना दिन नसकेकै कारण यहाँ बेलाबखत कहिले हुलदङ्गा, कहिले लुटपाट र तोडफोड भएको यथार्थ हो । कहिले धर्मको नाउँमा त कहिले जातीय द्वन्द्व चर्केर आन्दोलन र सङ्घर्ष भएको पनि यथार्थ हो । सङ्कीर्ण विचार, जातीय द्वन्द्वले देशमा असर पार्छ । पदमा पुगेपछि घुस खाने, भ्रष्टाचार गर्ने, अनियमितता गर्ने र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउने अवधारणा विकास हुनुको कारण सरकारले देशमा विधिको शासन चलाउन नसक्नु हो; राजनीति देश र जनताप्रति केन्द्रितभन्दा दलगत र व्यक्तिकेन्द्रित हुनु हो । यसले जनतामा असन्तोष बढेको हो । सरकारको नेतृत्व गर्ने दलका नेताहरू दूरदर्शी नहुँदा देश विकास मात्र नहुने होइन यहाँ कहिले धार्मिक द्वन्द्व त कहिले सांस्कृतिक द्वन्द्व भएको पनि अर्को यथार्थ हो ।

यसकारण, विद्यार्थी जीवनदेखि नै उनीहरूलाई असल नागरिक बनाउनेतर्फ उत्प्रेरित गर्नुपर्छ । विद्यालयको पाठ्यपुस्तकको ज्ञानबाहेक समाजमा भिज्ने, समाजको दुःख सुखबाट परिचित गराउने काममा शिक्षक र अभिभावक निरन्तर खटिरहनुपर्छ । विद्यालयले हाल गरिरहेका बधाई तथा मार्गनिर्देशन कार्यक्रम समय सान्दर्भिक छ । मार्गनिर्देशन कार्यक्रमलाई निरन्तरता दिनु जरूरी छ । मार्गनिर्देशन कार्यक्रमले मेहनत गरी पढ्ने, देशको लागि दक्ष र योग्य व्यक्ति बन्ने प्रेरणा मिल्नेछ । शिक्षा, अनुभव र विश्वास कहिल्यै सस्तो हुनेछैन । मन, विचार र चरित्र जहिल्यै सफा हुनुपर्छ । समय, छुटेको मौका र बोलेको शब्द कहिल्यै फर्केर आउनेछैन । आमा, बुबा, गुरू या मार्गनिर्देश गर्ने राजनीतिक कार्यकर्ता, सामाजिक कार्यकर्तालाई सधैँ सम्मान गर्नुपर्छ साथै सम्मान गर्न उत्प्रेरित गर्नुपर्छ । हरेक नागरिकले जीवनको सार पाउनुपर्छ र जीवनलाई सार्थक बनाउनुपर्छ । जीवनको सार पाउन देश र समाजको दायित्व बोध गरेर आफ्नो श्रम, समय र सीप आफ्नै स्वदेशमा खन्याउनुपर्छ ।

# क्युबाविरूद्ध सैन्य कारबाहीको धम्की दिंदै अमेरिका !

**✍ अल जजीरा स्टाफ, एएफपी, एपी र रोइटर्स**

*(विदेशमन्त्री मार्को रुबियोले क्युवा अमेरिकाको लागि राष्ट्रिय सुरक्षा खतरा भएको बताएका छन् ।)*

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र विदेशमन्त्री मार्को रुबियोले क्युवाविरुद्ध सैन्य कारबाहीको नयाँ धम्की दिएका छन् ।

रुबियोले बिहीबार अपराह्न पत्रकारहरूलाई भने कि अमेरिकाविरोधी रूस र चीनसँगको सम्बन्धका कारण क्युवा वर्षौंदेखि राष्ट्रिय सुरक्षा खतरामा बनेको छ, जबकि ट्रम्पले भने कि अन्ततः सैन्य कारबाही गर्ने राष्ट्रपति आफू नै हुनेछु ।


क्युवाली-अमेरिकी व्यक्ति रुबियोलाई अग्रपङ्क्तिमा राखेर ट्रम्प रूपमा झूटो रूपमा लेबल लगाएकोमा रुबियोको आलोचना गरे ।

"अमेरिकी विदेशमन्त्रीले फेरि एक पटक झूट बौल्दै सैन्य आक्रमणलाई उक्साएका छन् जसले क्युवाली र अमेरिकी रगत बगाउन उक्साउनेछ," रोड्रिगेजले भने ।

**बढ्दो तनाव**

राष्ट्रपति पदमा फर्किएदेखि, ट्रम्पले क्युवामाथि धेरै प्रतिबन्धहरू लगाएका छन्, इन्धन नाकाबन्दी लागू गराएका थिए भने यस क्षेत्रमा सैन्य उपस्थितिको बढावा निरीक्षण पनि गरेका छन् ।

यी देशहरूबिच बढ्दो तनावको बिचमा बिहीबार नयाँ धम्कीहरू आएका छन् ।



*संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र विदेशमन्त्री मार्को रुबियोले क्युवाविरुद्ध सैन्य कारबाहीको नयाँ धम्की दिएका छन् ।*

अमेरिकाले १९९६ मा विमान खसालेको घटनामा बुधबार क्युवाका पूर्वराष्ट्रपति राउल क्यास्ट्रोमाथि अभियोग लगाएको छ ।

बिहीबार, क्युवाको सेनाद्वारा नियन्त्रित र अर्थतन्त्रको ठुलो हिस्सा नियन्त्रण गर्ने ग्रुपो डे एडमिनिस्ट्रेसन एम्प्रेसेरियल एस.ए. (GAESA) समूहका उच्चपदस्थ कार्यकारीकी बहिनी एडिस लास्ट्रेस मोरेरालाई पक्राउ गरिएको थियो ।

गत हप्ता क्युवाली सरकारमाथि थप प्रतिबन्धहरू लगाइयो । अमेरिकी सेनाले घोषणा गऱ्यो कि ल्याटिन अमेरिकाका साझेदारहरूसँग समुद्री अभ्यासमा भाग लिन बुधबार निमित्ज ऐरक्राफ्ट क्यारियरसहित धेरै नौसेना जहाजहरू क्यारिबियन सागरमा आइपुगेका छन् ।

रुबियोले उल्लेख गरेका छन् कि क्युवाले पहिले सुधारको लागि १० करोड डलरको सहायताको प्रस्तावलाई अस्थायी रूपमा स्वीकार गरेको थियो । तर, उनले भने कि अमेरिकाले क्युवाको सर्तहरू स्वीकार गर्नेछ कि गर्दैन भन्ने कुरा स्पष्ट छैन, किनकि वाशिङटनले सैन्य-समर्थित समूह जियेईएस्ए (GAESA) लाई रोक्न जोड दिइरहेको छ ।

विश्लेषकहरूले चेतावनी दिएका छन् कि ट्रम्प र रुबियोले भेनेजुयलामा गरिएको शासन परिवर्तनजस्तै क्युवामा पनि यस्तै कारबाही गर्ने सोचमा छन् । जनवरीमा भएको सैन्य कारबाहीमा वामपन्थी राष्ट्रपति निकोलस मादुरो र उनकी श्रीमतीलाई अपहरण गरिएको थियो । उनीहरूलाई अमेरिका लगियो, जहाँ मादुरोलाई 'लागुऔषध-आतङ्कवाद' (Narcoterrorism) को आरोप लगाइयो ।

रुबियोले जोड दिए कि चीन र रूससँगको सुरक्षा र गुप्तचर सम्बन्धका कारण क्युवाले अमेरिकाको लागि गम्भीर राष्ट्रिय सुरक्षा खतरा निम्त्याएको छ ।

चीन र रूस दुवैले क्युवामा अमेरिकी दबाबको आलोचना गरेका छन् ।

चीनले शुक्रबार क्युवालाई 'दृढ समर्थन' गर्ने बताएको छ र अमेरिकालाई तनाव कम गर्न र 'बल प्रयोग गर्ने धम्की बन्द गर्न' आग्रह गरेको छ ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भने : "हामी विश्वास गर्छौं कि कुनै पनि परिस्थितिमा त्यस्ता विधिहरू - जुन हिंसाको सीमामा पर्छन् - पूर्व वा वर्तमान राष्ट्र प्रमुखहरूविरुद्ध प्रयोग गर्नु हुँदैन ।"

***(फाइल : काइली कूपर/रोयटर्स)***

प्रशासनले कम्युनिस्ट नेतृत्वको टापुमा 'शासन परिवर्तन' स्थापना गर्ने स्पष्ट प्रयासमा दबाब बढाइरहेको छ, जसमा इन्धन नाकाबन्दी गर्दै क्युवाली अर्थतन्त्रलाई पतनको सङ्घारमा पुऱ्याएको छ ।

पछिल्ला दिनहरूमा यो पहल तीव्र भएको छ, अमेरिकाले क्युवाका पूर्वराष्ट्रपति राउल क्यास्ट्रोमाथि अभियोग लगाएर क्यारिबियनमा सैन्य बल जम्मा गरेको छ ।

'राष्ट्र निर्माण' को सुझावलाई अस्वीकार गर्दै, रुबियोले पत्रकारहरूलाई भने कि यो मुद्दा 'राष्ट्रिय सुरक्षा' को हो । उनले थपे कि वार्ता गरिएको सम्झौता अमेरिकाको 'प्राथमिकता' भए पनि, क्युवासँगको कूटनीतिको बाटो आसालाग्दो छैन ।

"क्युवाको आर्थिक प्रणालीले काम गर्दैन । यो बिग्रिएको छ र तपाईं यसलाई हालको राजनीतिक प्रणालीमार्फत ठीक गर्न सक्नुहुन्न," रुबियोले भने ।

वर्षौंदेखि क्युवाले "समय किनेर हामीलाई पर्खने बानी पारिसकेको छ," रुबियोले भने । (अब) "उनीहरू हामीलाई पर्खन वा समय किन्न सक्षम हुने छैनन् । हामी धेरै गम्भीर छौं, हामी धेरै केन्द्रित छौं ।"

यसैबिच, राष्ट्रपति डोनाल्ड ट्रम्पले पत्रकारहरूलाई भने कि अमेरिकी राष्ट्रपतिहरूले दशकौंदेखि क्युवामा हस्तक्षेप गर्नेबारेमा विचार गर्दै आएका थिए, तर यस्तो देखिन्छ कि आफू नै 'यो गर्ने व्यक्ति' हुनेछन्, उनले त्यसो गर्न पाउँदा उनी 'खुसी' हुने बताए ।

जवाफमा, क्युवाली विदेशमन्त्री ब्रुनो रोड्रिगेजले क्युवालाई खतराको

# नेपाली भूमिमा परचक्रीको किन गिद्दे दृष्टि ?



पाठक पत्र

भैरव रिसालले नेपाली भूमि लिम्पियाधुरा क्षेत्रका कुटी, नाभी र गुन्जीको जनगणना अधिकृत भई त्यस क्षेत्रको २०१८ सालको जनगणना सम्पन्न गरेका थिए । आज सो नेपाली भूमि परचक्रीको कब्जामा छ । यता शासक कूटनीतिक नोट बुझाइसकियो भनेर सुतेको छ । उता नेपाली भूमि लिपुलेक भएर तीर्थयात्री पठाउँदै छ । उत्तरी मित्रले दक्षिणको देशलाई साथ दिनु हुँदैन । विडम्बना ! परचक्रीले मुलुक चिथोर्दा विभिन्न राजनीतिक दल, बुद्धिजीवी भनिने तप्का, स्वघोषित सीमाविद्, कथित नक्साविद्, कर्मचारी हुँदा महाकाली सन्धि बुझाएर रिटायर भएपछि जलस्रोतविद् कहलिएका र छोराछोरीलाई अमेरिकी नागरिक बनाएकाहरूको देशभक्ति विभाजित छ ।

विगतदेखि वर्तमानसम्म हेर्दा यी सबै दल र पात्र चुकेका छन् । कोही प्रो अमेरिकी छन् चीनको मात्रै विरोध गर्छन् । कोही प्रो इन्डियन छन् ती एमसीसीको सपोर्ट गर्छन् र तर बीआरआइको विरोध गर्छन् । कोही चीन समर्थक छन् भारतको मात्रै विरोध गरेजस्तो गर्छन् अमेरिकी हस्तक्षेप नीतिविरुद्ध बोल्दैनन् ।

कतिपय वामपन्थी दल तथा तिनका नेता कार्यकर्तासम्मले पछिल्लोपटक लिपुलेकमा चीनको नाम जोडिदा सामाजिक सञ्जालमा समेत एक शब्द खर्चिदैनन्, वामपन्थी आवरणकारीले एमसीसीविरुद्ध शब्द नखर्ची समर्थन गरेझैं । यस मामिलामा काङ्ग्रेस तथा राजावादी-राजसंस्थावादी भनिनेहरू त जहिल्यै एकै ठाउँमा छन् । उनीहरूलाई यी विषय न लुतो न कन्याइ ।

यद्यपि, नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी भारतद्वारा अतिक्रमित भएको हो, चीनले अतिक्रमण गरेको होइन । नेपाली भूमि लिम्पियाधुरामाथि जारी भारतीय अतिक्रमणलाई वैधता दिन खोज्नु गल्ती हो । यो नेपालप्रतिको धोखा हो । नेपाली भूमिमा भएको भारतीय अतिक्रमणलाई वैधता मिल्ने सवालमा चीन तटस्थ बस्नुपर्छ ।

***- रतन भण्डारी***

# सुकुमवासी बस्तीमा डोजर : एसियाली विकास बैङ्क र प्रधानमन्त्री बालेन्द्र साहबिच जोडिने कडी

✍ सौरभ कार्की

यो आलेख लेख्न बसेको मात्र थिएँ, मोबाइल स्क्रोल गर्दै गर्दा एउटा समाचार फुत्त स्क्रिनमा देखियो, 'राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवक्ता मनिष झाले सुकुमवासी बस्ती हटाउने विषयमा पार्टीमा छलफल नभएको बताएका छन् ।' उसो त, १० वैशाख २०८३ का दिन पनि सञ्चारमाध्यमहरूमा छ्याप्छ्याप्ती समाचार आएका थिए, जसमा सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले सुकुमवासी हटाउनेबारे अहिलेसम्म मन्त्रिपरिषद्बाट केही निर्णय भएको छैन भनेका थिए ।

तर, त्यसभन्दा केही बेरअघि नै सञ्चारमाध्यममा समाचार छाइसकेको थियो, जसअनुसार प्रधानमन्त्री बालेन्द्र साहले सुरक्षा प्रमुख डाकेर ५ मिनेटमा आफ्नो ब्रिफिङ सकाउँदै भनेका थिए, 'शनिबार र आइतबार अतिक्रमित बस्ती खाली गर्नू ।' सरकारका प्रवक्ता सस्मित पोखरेलले सुकुमवासी बस्तीबारे मन्त्रिपरिषद्मा छलफल नभएकोबारे सञ्चारमाध्यममा समाचार आएको दुई-तीन घण्टा पनि बितेको थिएन, लगत्तै सुकुमवासीलाई उठाएर लजमा राखिने अर्को समाचार आयो ।

यसबिचमा खास सुकुमवासी को हुन् भनेर प्रमाणीकरणबारे कुरा नउठेको पनि होइन । तर, समाचारअनुसार, गृह मन्त्रालय तथा महानगरका अधिकारीहरूसँग प्रधानमन्त्री बालेन्द्रले भनेका रहेछन्, 'प्रमाणीकरणको प्रक्रियामा गयो भने धेरै समय लाग्ने भएकाले पहिले बस्ती खाली गराउने, त्यहाँ बस्ने परिवारहरूलाई लजमा लगेर राख्ने अनि प्रमाणीकरणको काम सुरुआत गर्ने ।'

सरकारका प्रवक्तालाई थाहा छैन । पार्टीका प्रवक्तालाई पनि थाहा छैन । मन्त्रिपरिषद्बाट कुनै निर्णय भएको छैन । तर, देशका प्रधानमन्त्रीले भने १२ वैशाख २०८३ गते डोजर पठाइसकेका थिए । यो हतारो किन ? यही प्रश्नको जवाफ खोज्दै जाँदा एउटा गुजुल्टिएको कथा देखिन्छ, जसमा अन्तर्राष्ट्रिय दातृ निकाय एसियन डेभलपमेन्ट बैङ्क (एडीबी), काठमाडौँ महानगरपालिका र प्रधानमन्त्री बालेन्द्र साहको व्यक्तिगत महत्त्वाकाङ्क्षाका धागा एकापसमा जटिल रूपमा गाँसिएका रहेछन् भन्ने भान हुन्छ । त्यसको मूल्य तिर्दै छन्, काठमाडौँका नदीकिनार; विशेषगरी थापाथलीमा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमवासी परिवारहरूले ।

**एडीबी र वाग्मती: उजाडिएका सुकुमवासी बस्ती**

फेब्रुअरी २०१५ मै एडीबीले सार्वजनिक गरेको 'ट्वान्टीफाइभ इयर्स अन द ग्राउन्ड: एडीबी नेपाल पार्टनरसिप फर इन्क्लुसिभ डेभलपमेन्ट' लाई आधार मान्ने हो भने एडीबी सन् १९६९ देखि नेपालमा सक्रिय छ । डिसेम्बर २०२४ सम्मको तथ्याङ्क हेर्ने हो भने एडीबीले नेपालमा कुल ५१९ वटा सार्वजनिक क्षेत्रमा ऋण, अनुदान र प्राविधिक सहायता प्रतिबद्धता गरेको छ, जसको कुल मूल्य ९.३ विलियन अमेरिकी डलर बराबर पुग्छ ।



एडीबी र वाग्मती नदीको सम्बन्ध पनि निकै पुरानो देखिन्छ । सन् २०१० मै एडीबीले 'सपोर्टिङ इनभेस्टमेन्ट्स इन वाटर सेक्युरिटी इन रिभर बेसिन्स' प्राविधिक सहायता कार्यक्रम स्वीकृत गरेको थियो । यस कार्यक्रमको पहिलो प्राथमिकतामा नदी बेसिन संरचना निर्माणका लागि सम्भावित कार्यदिशा र संरचनाका लागि सरोकारवालाको सहमति निर्माण गर्ने भन्ने उल्लेख गरिएको थियो । त्यसपछि सन् २०१३ मा एडीबीले परियोजना नं ४३४४८-०१३ अन्तर्गत 'वाग्मती रिभर बेसिन इम्प्रुभमेन्ट प्रोजेक्ट (बीआरबीआइपी)' स्वीकृत गर्‍यो, जुन सन् २०१४ देखि कार्यान्वयनमा आयो ।

यस परियोजनाअन्तर्गत एडीबीले वाग्मती नदीको वातावरण सुधार, नदीको माथिल्लो भागमा पानीको भण्डारण, अक्सिजनको मात्रा बढाउन बाँध निर्माण, नदी किनारको सौन्दर्यीकरण र सामुदायिक पहलको कुरा गरेको थियो । परियोजनाको कुल लागत ७८.८ मिलियन अमेरिकी डलर निर्धारित गरिएको थियो, जसमध्ये एडीबीले ६३ मिलियन र नेपाल सरकारले १५.८ मिलियन डलर व्यहोर्ने तय थियो । एडीबीको आफ्नै सोसल मोनिटरिङ रिपोर्टमा यसलाई स्पष्ट पार्दै सन् २०२० भित्र परियोजना सक्ने अनुमान गरिएको थियो ।

तर, यसै परियोजनाको रिपोर्टले नै वाग्मती नदी बिग्रिनुका ६ वटा प्रमुख कारण उल्लेख गरेको छ, जसमध्ये चौथो कारणमा नदीकिनारका सुकुमवासी बस्तीहरूलाई स्पष्टसँग औँल्याइएको छ । काठमाडौँका नदीकिनारका सुकुमवासी बस्ती र थापाथलीको सुकुमवासी बस्ती यही सन्दर्भमा एडीबीको टाउको दुखाइ बनेको देखिन्छ ।

सन् २०२० भित्र सक्ने भनिएको एडीबीको वाग्मती परियोजना समयमै सकिएन । परियोजनाको म्याद थपिँदै गयो । यसरी म्याद थपिनु एडीबीका लागि अपमानजनक मात्र होइन, उसको विश्वसनीयतामाथिको प्रश्न पनि हुने नै भयो । नेपालमा एडीबीका परियोजनाको इतिहास हेर्ने हो भने 'वाग्मती नदी सौन्दर्यकरण' मात्र ढिलो भएको होइन । नारायणगढ-बुटवल सडक आयोजना सन् २०१९ मा सुरू भई सन् २०२२ मा सकिनुपर्नेमा आजसम्म सकिएको छैन । मेलम्ची खानेपानी परियोजनामा त झन् कति पटक समस्या थपियो भन्ने यकिन गर्नै समय लाग्छ । खोज्दै जाने हो भने यसरी पूरा नभएका परियोजनाको चाङ भेटिन सक्छन् ।

यस्तो सन्दर्भमा वाग्मती नदी सुधार परियोजना पनि अझै ढिला हुनु एडीबीका लागि थप अपमान हुने नै भयो । एडीबीले आफ्नै सेफगार्ड पोलिसी स्टेटमेन्ट परियोजनाका कारण विस्थापित हुने समुदायका लागि उचित क्षतिपूर्ति र पुनर्वासको प्रतिबद्धता जनाएको छ । व्यवहारमा भने थापाथलीका सुकुमवासीलाई उचित वैकल्पिक व्यवस्थाबिनै निष्कासन गर्न पटकपटक दबाब दिइरहेको देखिन्छ ।

यहीँनेर प्रधानमन्त्री बालेन्द्र साहको भूमिका जोडिन्छ । काठमाडौँ महानगरपालिकाका मेयर हुँदादेखि नै सुकुमवासी बस्ती हटाउन आतुर देखिन्थे, बालेन्द्र साह । प्रधानमन्त्री बनेपछि गृहमन्त्रालयसमेत आफ्नै हातमा आएको बेलामा यो काम तत्काल सम्पन्न गर्नुपर्छ भन्ने दबाब उनीमाथि परेको भान हुन्छ । भित्रबाट एडीबीको रहर, बाहिरबाट 'सहर सफा गर' भन्ने दोहोरो दबाब प्रधानमन्त्री बालेन्द्र साहमाथि निक्कै चर्को पर्‍यो कि !

**मेयरदेखि प्रधानमन्त्रीसम्म: लक्ष्य एउटै, शक्ति फरक**

बालेन्द्र साह २०७९ मा काठमाडौँ महानगरपालिकाको मेयर भएको बेलादेखि नै सहर सौन्दर्यकरण उनको मुख्य एजेन्डा बनको देखिन्छ । त्यसअन्तर्गत उनले फुटपाथ व्यवसायीहरूलाई हटाउन ठुलो बल प्रयोग गरे र त्यसैक्रममा मङ्सिर २०७९ मा थापाथली सुकुमवासी बस्तीलाई निशाना बनाए ।

नोभेम्बर ११, २०२२ मा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (एचपीसीआइडीबीसी) ले उक्त बस्तीलाई नोभेम्बर २० सम्म खाली गर्न 'अल्टिमेटम' दियो । त्यसको प्रतिकारमा नोभेम्बर १८ मा सयौँ सुकुमवासीले माइतीघरदेखि नयाँ बानेश्वरसम्म प्रदर्शन गरे । तर, त्यसको केही दिनपछाडि काठमाडौँ महानगरपालिकाको टोली २०० भन्दा बढी प्रहरी र डोजर लिएर बस्ती भत्काउन पुग्यो । त्यसक्रममा ढुङ्गामुढा भयो, २१ जना नगर प्रहरी घाइते भए । अन्ततः काठमाडौँ महानगरको डोजर फर्किन बाध्य भयो ।



थापाथलीको सुकुमवासी बस्ती निशानामा परेको यो पहिलोपटक थिएन । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले २०६८ कार्तिकमा अपार्टमेन्ट निर्माण परियोजनाको अवधारणा ल्याएका थिए । यसै विषयमा 'कान्तिपुर'मा विद्या राईले 'सुकुमवासी अपार्टमेन्टमा सरकारी कार्यालय' शीर्षकमा १७ मङ्सिर २०७९ मा लेखेको समाचारअनुसार २०७१ मा इचङ्गुनारायणमा सुकुमवासीहरूका लागि भवन निर्माण सम्पन्न भएपछि सहरी विकास तथा भवन निर्माण विभागलाई हस्तान्तरण भइसकेको थियो ।

तर, २३० परिवार बसोबास गर्न मिल्ने गरी, करोडौँ खर्चेर बनाइएको इचङ्गुनारायण अपार्टमेन्टमा सुकुमवासीहरूले बस्न इच्छा नदेखाएको देखिन्छ । त्यसका अलावा, १४ मङ्सिर २०७९ मा छापिएको समाचारअनुसार सुकुमवासीहरूलाई इचुङ्गनारायणको अपार्टमेन्टमा राख्ने विषयमा त्यहाँका तत्कालीन वडाअध्यक्षसहित स्थानीयवासीले समेत विरोध गरेको पाइन्छ ।

वाग्मती संरक्षणसम्बन्धी एक मुद्दामा दुई वर्षअघि मात्रै सर्वोच्च अदालतबाट खोलानदी किनारका सुकुमवासीहरूलाई विकल्पविना जबर जस्ती नहटाउनू भनेर आदेश भएको थियो । अदालतले त्यतिबेला वास्तविक भूमिहीन सुकुमवासीको पहिचान गरी उचित व्यवस्थापन गरेर मात्र हटाउन भनेको थियो । यस फैसलापछि मेयर बालेन्द्र चुप बसे पनि फैसलाले भनेजस्तो 'पहिचान गरेर हटाउने' प्रक्रिया भने यसपटक अपनाएको देखिएन ।

**पहिले हटाउने, पछि पहिचान गर्ने: उल्टो विधि**

प्रधानमन्त्री साहले गृहमन्त्रालय र काठमाडौँ महानगरपालिकाका अधिकारीहरूसँग स्पष्ट भनेका थिए: प्रमाणीकरणको प्रक्रियामा गइयो भने धेरै समय लाग्ने भएकाले पहिले बस्ती खाली गराउने, त्यहाँ बस्ने परिवारहरूलाई लजमा लगेर राख्ने, अनि त्यसपछि प्रमाणीकरणको काम सुरू गर्ने ।

यो तर्क व्यावहारिकजस्तो सुनिएला । तर, यसमा गहिरो समस्या छ । बस्तीमै गएर, मानिससँग बसेर, उनीहरूका कागजपत्र हेरेर, मालपोतको डिजिटल लगतसँग भिडाएर खास सुकुमवासी को हुन् भनेर छुट्याउन सकिन्थ्यो । त्यसपछि वास्तविक सुकुमवासीहरूको उचित व्यवस्था गरेर सार्न सकिन्थ्यो र नक्कली ठहरिएकालाई हटाउन सकिन्थ्यो । यो विधि न्यायसङ्गत, मानवीय र संवैधानिक हुन्थ्यो । तर, त्यसो गरिएन । उल्टो बाटो हिँड्ने सरकारको यही कदम नै मूल समस्या रह्यो ।

प्रधानमन्त्री साहले सार्वजनिक रूपमा भनेका छन्- बर्खा आउन लागेको र नदी किनार जोखिमपूर्ण भएकोले तत्काल उद्धार गर्नुपर्‍यो । तर, बर्खाको तर्कभन्दा एडीबीको म्यादसम्बन्धी दबाबको कथा बढी बलियो देखिन्छ । एडीबीको जनवरी २०२३ को सामाजिक अनुगमन प्रतिवेदनका अनुसार उक्त परियोजना मे २०२५ भित्र सक्ने लक्ष्य राखिएको देखिन्छ ।

तर, परियोजना पूरा नहुनेबित्तिकै थप लागत र अन्तर्राष्ट्रिय स्तरमा एडीबीको छवि खस्किने जोखिम थियो । त्यही दबाबमा बालेन्द्र सरकार परेको हो कि !

**कानुन र संविधान के भन्छ ?**

२०७२ मा जारी नेपालको संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हकअन्तर्गत आर्थिक रूपले विपन्न, असहाय र अशक्त अवस्थामा रहेका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने नागरिकलाई उचित बासस्थानमा सुरक्षित रूपमा बस्ने हक प्रदान गरेको छ । त्यस्तै धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भनेर सुनिश्चित गरिएको छ । भूमिसम्बन्धी ऐन २०२१ को दफा ५२ 'क' दफा ५२ 'ख' र 'ग' को स्पष्टीकरणमा भूमिहीन सुकुमवासी भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो आयआर्जन स्रोतबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्यहरूलाई जनाउँछ भने भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासको लगत सङ्कलनसम्बन्धी कार्यविधि-२०८१ को दफा २ 'क' मा भूमिहीन र अव्यवस्थित बसोबासीको विषयमा परिभाषित गरेको छ । उक्त ऐनकै परिच्छेद १० को दफा ५२ 'क' र 'ख' मा भूमिहीन सुकुमवासीलाई जग्गा/जमिन उपलब्ध गराउने र दफा ५२ 'ग' मा अव्यवस्थित बसोबास गर्नेहरूलाई व्यवस्थित व्यवस्थापन गराउने भनेर पनि उल्लेख गरिएको छ ।

भूमिसम्बन्धी ऐन र राष्ट्रिय भूमि आयोगको कार्यविधिले नदी तथा खोलाकिनार, वन क्षेत्र, पुरातात्त्विक स्थल र प्राकृतिक जोखिमयुक्त स्थानमा रहेका बस्तीलाई त्यही ठाउँमा जग्गा दिन नमिल्ने व्यवस्था गरेको छ । अर्थात्, नदीकिनारको सुकुमवासी बस्तीलाई हटाउन पाइन्छ तर उचित पुनर्वास गरेर मात्र ।

जुलाई २२, २०२४ को 'रिपब्लिक' मा प्रकाशित समाचारअनुसार, राष्ट्रिय भूमि आयोगका केशव निरौलाका अनुसार देशभर करिब ४ लाख ५० हजार परिवार वास्तविक सुकुमवासी छन् । अव्यवस्थित बसोबासकर्तासमेत जोड्दा यो सङ्ख्या करिब १२ लाखसम्म पुग्छ । तर, सोही समाचारमा भनिएको छ, सुकुमवासीहरूको अध्ययन गर्न सरकारले गठन गरेको कार्यदलको प्रतिवेदनअनुसार उपत्यकामा ३,४९६ सुकुमवासी परिवार छन् । यो सङ्ख्या अहिले बढेर ४,००० पुगेको अनुमान गरिएको छ ।

तर, यहाँ टड्कारो रूपले दुई प्रश्न उब्जिएका देखिन्छन् । पहिलो– वास्तविक सुकुमवासी को हुन् ? दोस्रो– सुकुमवासीको नाममा अन्यत्र जग्गा भएका, सहरमा रोजगारी खोज्न आएका वा राजनीतिक कारणले बसिरहेका मानिसका कारण खास सुकुमवासीको अधिकार झन् कमजोर हुँदैन ?

यी प्रश्नको जवाफ खोज्न र गैरसुकुमवासीको पहिचान गरी उनीहरूलाई कारबाहीको दायरामा ल्याउन पनि बस्तीभित्र गएर लगत सङ्कलन गर्नु जरुरी थियो । तर, त्यसो गरिएन । यतिखेर काठमाडौँ उपत्यकाका नदीकिनारका सुकुमवासी बस्तीहरू भत्किसकेका छन् र सरकार भने बासस्थान उजाडिसकेपछि सुकुमवासी खोज्न लागिपरेको छ ।

**अन्तर्राष्ट्रिय संस्थाको चिन्ता र वास्तविकता**

११ वैशाख २०८३, लोकतन्त्र दिवसकै छेक एम्नेस्टी इन्टरनेसनल नेपालले आफ्नो आधिकारिक फेसबुक पोस्टमार्फत भन्यो, 'जबरजस्ती निष्कासन गर्ने कार्यले विधिको शासनको खतरनाक क्षयीकरणलाई प्रतिबिम्बित गर्दछ र यसले बढ्दो अधिनायकवादी दृष्टिकोणलाई इङ्गित गर्दछ । एम्नेस्टी इन्टरनेसनलले 'नो ह्वेयर टु गो: फोर्स्ड इभिक्सन्स इन नेपाल' शीर्षकको शोधपत्र तयार गर्दै सहर सौन्दर्यकरणको नाममा थापाथलीमा भएको जबरजस्ती निष्कासनले सुकुमवासी बस्तीका बासिन्दाको जीवनमा विनाशकारी प्रभाव पारेको उल्लेख गरेको छ ।

डिसेम्बर १३, २०२२ मा फोरम-एसियाले पनि सुकुमवासीको पक्षमा ऐक्यबद्धता जनाउँदै बस्ती भत्काउनु अगाडि उचित पुनर्स्थापनाको माग गरेको देखिन्छ । अप्रिल २०२५ मा अमेरिकी पत्रिका 'द ब्याफलर' मा वेन स्टेफसनले लेखेको लेखमा एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निरञ्जन थपलियाको भनाइ उद्धृत छ । उक्त लेखमा उल्लेख गरिएको छ– 'मानव अधिकारको दृष्टिकोणबाट हेर्ने हो भने जबरजस्ती निष्कासन राज्य प्रायोजित अपराध हो ।'

एडीबीले आफ्नो 'सेफगार्ड पोलिसी स्टेटमेन्ट' मा परियोजनाका कारण विस्थापित हुने समुदायका लागि उचित क्षतिपूर्ति र पुनर्वासको प्रतिबद्धता जनाएको छ । तर, यतिखेर काठमाडौँ खोलाकिनारका सुकुमवासीलाई विकल्पविना अध्ययन नै नगरी हटाइसकिएको छ । यद्यपि, सुकुमवासीको व्यवस्थापन गरिने प्रधानमन्त्री साहले आश्वासन दिएका छन् ।

**थापाथली नै किन ?**

एउटा तथ्य यहाँ उल्लेख गर्नु जरुरी छ– देशभर करिब ४ लाख ५० हजार सुकुमवासी परिवार छन् तर सधैँ काठमाडौँका नदीकिनार अझ विशेषतः थापाथली किन सबै सरकारको निशानामा पर्छ ? यस प्रश्नको जवाफ स्पष्ट छ– काठमाडौँ अझ विशेषतः थापाथली, मिडियाको नजरमा सबैभन्दा चाँडो पर्छ भने एडीबीको वाग्मती सुधार परियोजनाको मुख्य कार्यक्षेत्र वाग्मती नदी किनारका बस्तीहरू नै पर्दछन् ।

झनै एडीबीले सुकुमवासीका कारण वाग्मती सुधार परियोजनालाई अप्ठेरो परेको भनी पटकपटक उल्लेख गरिसकेको छ । अर्थात्, यस योजनामा नदीकिनारका सुकुमवासी बस्तीहरू नै मुख्य अवरोध बनिरहेका थिए । त्यो अवरोध हटाउनमा एडीबी, एचपीसीआइडीबीसी, काठमाडौँ महानगरपालिका र अब प्रधानमन्त्री साह सबैको स्वार्थ मिलेको देखिन्छ ।

**हटाउनै नहुने हो र ?**

चुनावभन्दा अघिको समय सम्झने हो भने रास्वपा सभापति रवि लामिछानेले सुकुमवासीहरूको भोटलाई नै ख्याल गर्दै भनेका थिए, 'डोजरभन्दा पहिले म छाती थापेर बस्छु ।' त्यस्तै चुनावअघि साहले झापाको सुकुमवासी बस्तीमा गएर काठमाडौँका सुकुमवासीको ज्यान जोगाउन डोजर चलाइएको हो भनेर समेत मतदातासामु स्पष्टीकरण दिएका थिए । तर, चुनाव जितेपछि सार्वजनिक रूपमा एकपटकसमेत नबोलेका प्रधानमन्त्री साहको आदेशमा यतिखेर सुकुमवासी बस्तीमा डोजर पसिसकेको छ ।

यतिखेर सुकुमवासी बस्तीहरू भत्किसकेका छन् । हजारौँ मानिसहरूको बिचल्ली भइसकेको छ । सम्भवतः बालबच्चाहरू आफ्ना आमाबाबालाई- हाम्रो घर खोइ ? भनेर सोधिरहेका छन् । यतिखेर प्रधानमन्त्री बालेन्द्र साहले आफ्नो

*बाँकी पृष्ठ ८ मा*

# युद्धविराम भए पनि लेबनानमा इजरायली आक्रमण जारी



जेरुसेलम, २२ मे (एएफपी)। इजरायली सेनाले दक्षिण लेबनानमा गरेको पछिल्लो हवाई आक्रमणमा दुई जनाको मृत्यु भएको बताएको छ।

गत हप्ता इजरायली र लेबनानी अधिकारीहरूको सम्झौतामा विस्तार गरेको युद्ध-विरामको बाबजुद इजरायल र इरान समर्थित समूहले लेबनानको दक्षिणी क्षेत्रमा नियमित रूपमा गोलीबारी गर्दै आएका छन्।

केही समयअघि, आईडीएफको निगरानीले दक्षिणी लेबनानमा इजरायली क्षेत्रबाट सयौं मिटर टाढा हिँडिरहेका दुई सशस्त्र व्यक्तिहरू पहिचान गरेको इजरायली सेनाले टेलिग्राममा पोस्ट गरेको थियो। आईडीएफले उनीहरूको पहिचान र निरन्तर निगरानी गरे पछि, ती व्यक्तिहरूलाई हवाई आक्रमण गरी मारिएको पुष्टि गरेको छ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले दक्षिणी टायर जिल्लामा इस्लामिक स्वास्थ्य समितिको साइटमा रात भर भएको आक्रमणमा चार जनाको मृत्यु भएको र दुई चिकित्सक घाइते भएको जनाएको छ।

अप्रिल - १७ मा युद्धविराम सुरु भएदेखि, इजरायलले दक्षिण लेबनानमा आक्रमणहरू गर्न, र निकासी आदेशहरू जारी गर्ने प्रक्रिया जारी राखेको छ, भने यसले हेजबुल्लाहलाई लक्षित गरि आक्रमण जारी राखेको बताएको छ।

अमेरिका-इजरायली आक्रमणमा इरानका सर्वोच्च नेताको हत्याको बदलामा हेजबुल्लाहले मार्च -२ मा इजरायलमा रकेट प्रहार गरेको थियो।

इजरायली सेनाले लेबनानको सिमानाको करिब १० किलोमिटर वरपरको क्षेत्रमा हवाई आक्रमण तथा स्थलगत आक्रमणको जवाफ दिएको थियो।

लेबनानको स्वास्थ्य मन्त्रालयले बिहीबार इजरायली आक्रमणले व्यापक क्षेत्रीय युद्ध सुरु भएदेखि कम्तिमा तीन हजार ८९ जनाको ज्यान गएको बताएको छ। इजरायली सेनाले लडाइँको क्रममा २२ जना सैनिकको मृत्यु भएको जनाएको छ।

गत हप्ता वासिङ्टनमा लेबनानी र इजरायली प्रतिनिधिहरूबिच तेस्रो चरणको प्रत्यक्ष वार्ता पछि अस्थायी युद्धविराम ४५ दिनका लागि बढाइएको थियो, जसमा हिजबुल्लाहले कडा विरोध गरेको थियो।

# गर्मीले भारतमा बिजुली खपतको कीर्तिमान

नयाँदिल्ली, २२ मे (एएफपी)। भारतमा बढ्दो गर्मीका कारण शीतलन उपकरणको प्रयोग तीव्र रूपमा बढेपछि देशको बिजुली मागले लगातार नयाँ कीर्तिमान बनाएको छ। भीषण गर्मीबिच ऊर्जा उत्पादकहरूले रेकर्ड स्तरमा विद्युत् उत्पादन गर्दै देशको अहिलेसम्मकै उच्च माग पूरा गरेका छन्।

भारतको ऊर्जा मन्त्रालयका अनुसार बिहीबार लगातार चौथो दिन देशको चरम बिजुली मागले नयाँ सर्वकालिक उच्च रेकर्ड कायम गरेको हो। मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार बिहीबार दिउँसो ३:४५ बजे भारतको चरम बिजुली माग २७०.८२ गिगावाट पुगेको थियो, जुन सफलतापूर्वक आपूर्ति गरिएको बताइएको छ।

उक्त समयमा राजधानी नयाँदिल्लीको तापक्रम ४५.३ डिग्री सेल्सियस पुगेको थियो। मन्त्रालयले यो स्तरलाई भारतको इतिहासकै सबैभन्दा उच्च चरम बिजुली मागको रूपमा वर्णन गरेको छ। यसअघि बुधवार २६५.४४ गिगावाटको रेकर्ड कायम भएको थियो, जसलाई एक दिनमै उछिन्दै नयाँ कीर्तिमान बनेको हो।

ऊर्जा मन्त्रालयले बढ्दो तापक्रमका कारण एयर कन्डिसनर, कुलर तथा अन्य शीतलन उपकरणहरूको प्रयोग अत्यधिक बढेकाले बिजुलीको माग अस्वाभाविक रूपमा चुलिएको जनाएको छ। मन्त्रालयले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरणमा माग वृद्धिको मुख्य कारण यही भएको उल्लेख गरिएको छ।

भारतको कुल विद्युत् उत्पादनमा अझै पनि थर्मल पावर, विशेषगरी कोइलामा आधारित उत्पादनको प्रभुत्व रहेको छ। हाल देशको कुल बिजुली उत्पादनमध्ये ६२ प्रतिशत हिस्सा कोइलाजन्य थर्मल पावरबाट प्राप्त भइरहेको मन्त्रालयले जनाएको छ। सौर्य ऊर्जाबाट २२ प्रतिशत, हावा र जलविद्युतबाट पाँच प्रतिशत तथा बाँकी अन्य स्रोतहरूबाट उत्पादन भइरहेको छ।

विश्वकै तेस्रो ठूलो हरितगृह ग्यास उत्सर्जक भारतले सन् २०७० सम्म 'शुद्ध-शून्य उत्सर्जन' हासिल गर्ने प्रतिबद्धता जनाएको भए पनि ऊर्जा सुरक्षाका लागि अझै कोइलामाथि ठूलो निर्भरता कायम रहेको देखिएको छ।

रेकर्ड स्तरमा बिजुली उत्पादन भइरहेको सरकारी दावीबिच सामाजिक सञ्जाल एक्समा धेरै प्रयोगकर्ताले भने आफ्ना क्षेत्रमा अझै पनि विद्युत् कटौती भइरहेको गुनासो गरेका छन्। अत्यधिक गर्मीका कारण पुराना विद्युत् तार र ट्रान्सफर्मरहरूमा अत्यधिक चाप परेर स्थानीय स्तरमा ब्ल्याकआउट हुने जोखिम बढिरहेको बताइएको छ।

दक्षिण एसियाको एक अर्ब ४० करोड जनसङ्ख्या भएको भारतमा अप्रिलदेखि जुनसम्म तीव्र गर्मी सामान्य मानिए पनि पछिल्ला वर्षहरूमा तापक्रमको तीव्रता र अवधि दुवै बढ्दै गएको छ। वैज्ञानिक अनुसन्धानहरूले जलवायु परिवर्तनका कारण तातो हावाका लहरहरू अझ लामो, बारम्बार र खतरनाक बन्दै गएको निष्कर्ष निकालेका छन्।

भारतको मौसम विभागका अनुसार बिहीबार उत्तर प्रदेश राज्यको बान्दा सहरमा अधिकतम तापक्रम ४७.६ डिग्री सेल्सियस मापन गरिएको थियो। यो हप्ताको सुरुआतमा त्यही क्षेत्रमा पुगेको ४८.२ डिग्री सेल्सियसभन्दा केही कम भए पनि अवस्था अझै अत्यन्त गर्मीपूर्ण रहेको विभागले जनाएको छ।

भारतमा हालसम्म आधिकारिक रूपमा मापन गरिएको सबैभन्दा उच्च तापक्रम राजस्थानको फलोदीमा सन् २०१६ मा रेकर्ड गरिएको ५१ डिग्री सेल्सियस हो।

यसैबिच, अन्तर्राष्ट्रिय वायु गुणस्तर अनुगमन प्लेटफर्म 'एक्युआई' ले अप्रिलमा सार्वजनिक गरेको प्रतिवेदनमा विश्वका सबैभन्दा तातो ५० सहरमध्ये सबै भारतमै रहेको उल्लेख गरेको थियो। तापक्रम, सौर्य विकिरण, हावाको अवस्था, वर्षा र आर्द्रतासहितका विभिन्न सूचकलाई आधार बनाएर तयार गरिएको दैनिक 'गर्मी सूचकाङ्क' मा भारतीय सहरहरू अत्यधिक तापको चपेटामा परेको देखाइएको थियो।

# क्वाड विदेशमन्त्रीहरूको बैठक तयारी

नयाँदिल्ली, २२ मे (एएनआई)। इन्डो-प्यासिफिक क्षेत्रमा रणनीतिक चासो र सुरक्षा सहकार्य तीव्र हुँदै गएको पृष्ठभूमिमा भारतले आगामी मे २६ मा क्वाड्रिलेट्रल सेक्युरिटी डाइलग (क्वाड) अन्तर्गतका विदेशमन्त्रीहरूको उच्चस्तरीय बैठक आयोजना गर्ने भएको छ। रुस र चीनविरुद्ध लक्षित क्वाडको उक्त बैठकलाई इन्डो-प्यासिफिक क्षेत्रमा सुरक्षा, विकास र बहुपक्षीय सहकार्यलाई अझ सुदृढ बनाउने प्रमुख कूटनीतिक प्रयास दाबी गरिएको छ।

भारतका विदेशमन्त्री एस जयशङ्करको निमन्त्रणामा अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोङ, जापानका विदेशमन्त्री तोसिमित्सु मोतेगी तथा संयुक्त राज्य अमेरिकाका विदेशमन्त्री मार्को रुबियो मे २६, २०२६ मा नयाँदिल्ली आइपुग्ने कार्यक्रम तय भएको छ। यो भ्रमणलाई इन्डो-प्यासिफिक क्षेत्रमा अमेरिकी रणनीतिक साझेदारीलाई संस्थागत गर्ने महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ।

बैठक केवल बहुपक्षीय संवादमा सीमित नरही द्विपक्षीय कूटनीतिक सम्बन्ध विस्तारका लागि पनि केन्द्रबिन्दु बन्नेछ। भ्रमणमा सहभागी मन्त्रीहरूले भारतका विदेशमन्त्री एस जयशङ्करसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। साथै उहाँहरूले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग समेत भेट गर्ने अपेक्षा गरिएको छ, जसले कूटनीतिक छलफललाई थप राजनीतिक महत्त्व दिनेछ।

यसअघि जुलाई १, २०२५ मा वासिङ्टनमा भएको अन्तिम क्वाड बैठकले तय गरेको कार्यढाँचामा आधारित रहेर नयाँदिल्ली बैठक अगाडि बढाइने बताइएको छ।

## विश्व सङ्क्षेप

### पोल्यान्डमा थप अमेरिकी सेना रहने

हेलसिङ्गबर्ग (स्विडेन), २२ मे (एएफपी)। उत्तरी एटलान्टिक सन्धि सङ्गठन (नाटो) भित्र युरोपको सुरक्षा रणनीति र अमेरिकी सैन्य उपस्थितिबारे बहस तीव्र भइरहेका बेला नाटो प्रमुखले पोल्यान्डमा पाँच हजार अमेरिकी सेना तैनाथ गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषणालाई स्वागत गरेका छन्।

नाटोका महासचिव मार्क रुटले स्विडेनमा गठबन्धनका विदेशमन्त्रीहरूको बैठक सुरु हुनुअघि पत्रकारहरूसँग कुरा गर्दै उक्त निर्णयलाई सकारात्मक रूपमा लिएको बताए। उनले सैन्य कमान्डरहरूले तैनाथीसम्बन्धी सबै प्राविधिक विवरणहरूमा काम गरिरहेको जानकारी पनि दिए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत दिएको घोषणामा पोल्यान्डका राष्ट्रपति कारोल नावरोकीसँगको सम्बन्धलाई आधार बनाएर पाँच हजार अमेरिकी सेना पोल्यान्ड पठाइने निर्णय गरिएको बताए। उक्त निर्णयलाई यसअघि योजना गरिएको चार हजार सैनिक फिर्ता गर्ने वा पुन: समायोजन गर्ने सम्भावनासँग जोडेर पनि हेरिएको छ।

विश्लेषकहरूका अनुसार यो कदम युरोपमा जारी सुरक्षा तनाव, विशेषगरी इरानसँग सम्बन्धित युद्धपछिको भू-राजनीतिक दबाब र नाटो सहयोगीहरूबिचको रक्षा जिम्मेवारी बाँडफाँटबारे उठिरहेका प्रश्नहरूसँग समेत सम्बन्धित देखिन्छ।

यसैबिच, स्विडेनकी विदेशमन्त्री मारिया माल्मर स्टेनरगार्डले वासिङ्टनबाट आउने सन्देशहरू कहिलेकाहीं अस्पष्ट हुने र तिनलाई बुझ्न कठिन हुने बताएकी छिन्। उनका अनुसार युरोपको प्राथमिकता आफ्नै रक्षा प्रणाली र सैन्य क्षमतामा निरन्तर लगानी गर्नु हो, यद्यपि अमेरिकाको संलग्नता पनि आवश्यक रहेको छ।

### आगामी जूनदेखि अन्तर्राष्ट्रिय उडानहरू पुन: सुरु गर्दै कुवेत

कुवेत सिटी, २२ मे (क्यूएनए)। आगामी जुन -१ देखि कुवेत अन्तर्राष्ट्रिय एयरपोर्टमा अरब लगायतका अन्तर्राष्ट्रिय एयरलाइन्सको सञ्चालन चरणबद्ध रूपमा पुन: सुरु गर्ने कुवेतले घोषणा गरेको छ।

नागरिक उड्डयन महानिर्देशालयका महानिर्देशक शेख हुमौद मुबारक अल सबाहका अनुसार विमानस्थल प्रणाली र पूर्वाधारमा सुधार र परिचालन सुविधामा मर्मत-सम्भार र विकास कार्य सम्पन्न भएपछि उडानहरू सुरु गर्ने निर्णय गरिएको बताउनुभएको छ।

सुरक्षित र सहज हवाई यातायात प्रवाह र यात्रु आवागमन सुनिश्चित गर्न परिचालन तयारी भई रहेको उल्लेख गर्दै उहाँले प्राविधिक मूल्याङ्कनको आधारमा एयरपोर्ट तथा उडानहरू पुन: खोलिने बताउनुभएको छ। उहाँले एयरपोर्ट तथा उडानहरूको पूर्ण सञ्चालनका लागि प्रत्येक चरणको मूल्याङ्कन जारी रहेकोसमेत बताउनुभएको छ।

अल सबाहले टर्मिनल -१ मा हाल सुविधालाई स्थर उन्नति गर्ने र उच्च सुरक्षा मापदण्ड अनुरूप यात्रुहरूको प्रवाह बढाउने उदेश्यले मर्मत तथा विकासका कामहरू भइरहेको बताउनुभएको छ।

### होन्डुरसमा नरसंहार, १९ को मृत्यु

टेगुसिगाल्पा, २२ मे (एएफपी)। उत्तरी होन्डुरसको अशान्त बाजो अगुआन क्षेत्रमा रहेको पाम बगानमा भएको भीषण सामूहिक हत्यामा कम्तीमा १९ जनाको मृत्यु भएपछि देश फेरि सङ्गठित अपराध र गिरोह हिंसाको चपेटामा परेको छ। प्रतिद्वन्द्वी सशस्त्र समूहबिच पाम बगान र लागुऔषध तस्करी मार्गको नियन्त्रणलाई लिएर चर्किएको द्वन्द्वबिच भएको यो नरसंहारले होन्डुरसको सुरक्षा अवस्थामाथि गम्भीर प्रश्न उठाएको छ।

अधिकारीहरूका अनुसार हत्या बुधबार राति रिगोर्स क्षेत्रमा भएको थियो। उक्त क्षेत्र लामो समयदेखि लागुऔषध तस्कर समूह, सशस्त्र गिरोह र भूमि नियन्त्रणको हिंसात्मक सङ्घर्षका कारण तनावग्रस्त मानिन्छ। स्थानीय बासिन्दाहरूले रातभरि निरन्तर गोलीबारीको आवाज सुनेको बताएका छन्।

होन्डुरसको राष्ट्रिय विधायिकाले देशमा बढ्दो आपराधिक हिंसा नियन्त्रण गर्न कडा सुरक्षा सुधारहरू पारित गरेलगत्तै यो घटना सार्वजनिक भएको हो। नयाँ कानुनी व्यवस्थाअन्तर्गत सेनालाई सार्वजनिक सुरक्षासम्बन्धी कार्यमा प्रत्यक्ष सहभागी गराउने तथा सङ्गठित अपराध नियन्त्रणका लागि नयाँ विशेष एकाइ गठन गर्ने अधिकार दिइएको छ। साथै गिरोह र लागुऔषध कार्टेललाई आतङ्कवादी समूहका रूपमा वर्गीकृत गर्ने बाटो पनि खुला गरिएको छ।

होन्डुरसका नयाँ कन्जरभेटिभ राष्ट्रपति नास्री असफुराको शासन आएपछि त्यहाँ सङ्गठित अपराध बढेको विश्लेषण गरिएको छ।

### अफगानिस्तानमा बाढीका कारण दस जनाको मृत्यु

काबुल, २२ मे (सिन्हवा)। उत्तरी अफगानिस्तानको बघलान प्रान्तका अधिकांश जिल्लाहरूमा भारी वर्षापछि आएको बाढीका कारण महिला तथा बालबालिकासहित कम्तीमा १० जनाको मृत्यु भएको स्थानीय मिडियालाई उद्धृत गर्दै टोलो न्यूजले शुक्रबार रिपोर्ट गरेको छ।

वर्षाका कारणले एक सयभन्दा बढी आवासीय घरहरू क्षतिग्रस्त बनाउनुका साथै कृषि जमिन डुबानमा परेको जनाइएको छ। जसले प्रान्तको ग्रामीण अर्थतन्त्रलाई गम्भीर चोट पुऱ्याएको प्रान्तीय विपद् व्यवस्थापन अधिकारीका प्रमुख हेदायतुल्लाह हम्दर्दलाई उद्धृत गर्दै मिडियाले जनाएका छन्। यसैगरी, बुधबार राति भएको छुट्टै मौसमी घटनामा दक्षिणी कान्दाहार प्रान्तमा तीन जनाको मृत्यु भएको हुनुका साथै अन्य छ जना घाइते भएको जनाइएको छ।

अफगानिस्तानका केही भागहरूमा विगत केही दिनदेखि भारी वर्षा, आँधीबेहरी, गर्जन र बिजुलीको चपेटामा परेको जनाइएको छ। अफगानिस्तानको मौसम विभागले आगामी दिनमा निरन्तर वर्षाको चेतावनी जारी गरेको छ भने कमजोर क्षेत्रहरूमा थप बाढीको चिन्ता बढाएको छ।

हास्यव्यङ्ग्य

# ‘जिब्रोजी’ को मजा र भुँडीको बेहाल !

✍ इकुश्रे

विधाताले मानव शरीरको कारखाना बनाउँदा कुन मुडमा थिए कुन्नि, अरू अङ्गलाई हाडखोरको कडा कस्ट्युम पहिराए, तर यो जिब्रोलाई भने बिनाहाडको, नरम, चिप्लो र चुलबुले बनाइदिए । हेर्दा कस्तो सोझो, निर्दोष र कमजोरजस्तो ! फेरि, बस्ने ठाउँ हेर्‍यो भने बडो खतरनाक छ - वरिपरि बत्तीसवटा कडा र धारिला दाँतका हतियारधारी सिपाहीँहरू चौबीसै घण्टा तैनाथ छन् । थोरै मात्र असावधानी भयो भने ती तीखा दाँतका आराहरूले चटाचट काटेर दुई टुक्रा पार्न तयार बस्छन् । तर, धन्य हाम्रा जिब्रोजी ! ती बत्तिसे दाँतका कालकुट खड्गहरूका बिचमा पनि यसरी चिप्लिँदै, जिस्किँदै र कम्मर मर्काउँदै जोगिएर बस्छन् कि मानौँ उनी कुनै कुशल सर्कसका अन्तर्राष्ट्रिय खेलाडी हुन् । दाँतले टोक्न खोज्छ, जिब्रो जुरुक्क उठेर एकातिर पन्छिन्छ । बिचरा दाँत आफैँ ठोक्किएर रनभुलमा पर्छ, जिब्रो भने ओठको पर्दाभित्र मुसुमुसु हाँस्छ । यस्तो चतुर, चाम्रो र कूटनीतिक अङ्ग यो धर्तीमा सायदै अर्को होला ।

यो जिब्रोको जातै कस्तो अनौठो छ भने, आफू बस्छ मुखरूपी अन्धकार गुफाभित्र तर बजारका सारा उज्याला, रङ्गीचङ्गी र ग्ल्यामरस स्वादहरू यसैलाई चाहिन्छ । संसारका भएभरका स्वादको ठेक्का र एकाधिकार यसैले लिएको छ । गुलियो देख्नै नहुने - ऱ्यालको बाढी ओरालिहाल्ने; अमिलो सुन्नै नहुने - मुखै अमिल्याइहाल्ने; नुनिलो र पिरो त यसका जनम-जनमका अनन्य मित्र नै भइहाले । मरिचको रमरम पिरो होस् कि अकबरे खुर्सानीको चर्को पिरो, जिब्रोलाई एकचोटि त्यसको स्वादको सागरमा डुबुल्की मार्नैपर्छ । स्वादको यो अनन्त र अतृप्त भोकले गर्दा जिब्रोजी कहिल्यै अघाउँदैनन् । आफू त स्वादको मज्जा लिएर मुखभित्र लुकेको लुक्यै’ गर्छिन्, तर त्यसपछिको सारा ‘महाभारत पीडा’ भने भित्री अङ्गहरूले भोग्नुपर्छ । जिब्रोले ‘वाह, क्या स्वाद !’ भन्दै मिठो मानेर हाँसीहाँसी निलिदिन्छ, तर त्यो स्वादको विषदण्ड र महँगो मूल्य, भित्र रहेका मुटु र कलेजोले ब्याजसहित बेहोर्नुपर्छ भन्ने कुरासँग यो विलासी सामन्त जिब्रोलाई कुनै सरोकार हुँदैन । आफू मज्जाले स्वादको मदिरामा झुम्छ, अनि भित्र मुटुलाई ‘धडकन’ बढाउने र कलेजोलाई ‘बोसो’ को लेयर थप्ने तनाव उपहार दिएर आफू हाइसन्चो मान्छ ।

हाम्रो समाजमा आजभोलि भोजभतेर, विवाह र उत्सवको लहर चल्दा जिब्रोको रौसिने पारा झनै हेर्नलायक हुन्छ । पार्टी प्यालेसमा लहरै राखिएका तावा, कराही र ताता बुफे काउन्टर देखेपछि जिब्रोको ऱ्यालको बाँध फुट्छ र त्यसले मर्यादाको सीमा नाघ्छ । घरमा पनि आमा वा श्रीमतीले अलिकति बढी नै घिउतेल, गरम मसला र रङ्ग हालेर स्वादिलो माछामासु वा पकौडा पकाइदिए भने त जिब्रो महाशयको खुट्टा भुइँमा हुँदैन, उनी सिधै आकाशमा उड्न थाल्छन् । सडकको पेटीमा हिँड्दाहिँड्दै पनि होटलको ऐनामा जेरी, रसबरी वा समोसा देख्यो भने यसले गोडालाई कडा कमान्ड दिन्छ, “लौ त्यतैतिर हिँड्, एकदुई पाउ भए पनि किन् !’ तर, ठीक यही बेलामा शरीरको भित्री इन्जिनले भने रातो बत्ती बालेर खतराको साइरन फुकिरहेको हुन्छ । पेटले भित्रबाट सुस्तरी, मलिन र कारुणिक स्वरमा चिच्याउँछ, “प्रभु ! क्यालोरीको कोटा पूरा भयो, कार्बोहाइड्रेट ओभरफ्लो भइसक्यो, अब ठाउँ छैन, मेसिन जाम हुन लाग्यो र झ्ल्भ पड्किने अवस्था आयो !” तर, बाहिर मूल गेटको गेटपाल र सेन्सर बनेर बसेको जिब्रोले पेटको त्यो रोदन, क्रन्दन र संवैधानिक चेतावनीलाई सिधै खारेज गरिदिन्छ । पेट अघाइसकेर ढ्याउढ्याउ भई श्वास फेर्न गाह्रो भइरहँदा पनि जिब्रो भने अझै रौसिरहेको हुन्छ, मच्चिरहेको हुन्छ । त्यसले निर्लज्जतापूर्वक भन्छ, “यो पेट त एउटा हावा भरिने बोरा त हो नि, अलिकति खाँदेर राखे भइहाल्यो नि, रसबरीको रस र आइसक्रिमको स्वाद त अझै मैले मज्जाले लिन बाँकी नै छ !” अनि त के चाहियो र ? पेट भित्रभित्रै रुन्छ, जिब्रो बाहिरबाहिरै हाँस्छ र थपिएका रसबरी, पुलाउ र मटनका चोक्टाहरू घाँटीको बाटो हुँदै भित्र जबरजस्ती कोचिरहन्छन् ।

जिब्रोको यो अराजक कुरुक्षेत्रमा सबैभन्दा बढी सोझो, लाटो र उत्पीडित प्राणी कोही छ भने त्यो यही बिचरा भुँडी नै हो । भुँडी जति नै रोए पनि, चिच्याए पनि, कराए पनि, अन्ततः उसले जिब्रोको लहड र सनकको भारी बोक्नैपर्छ । जिब्रोले क्षणिक, केही सेकेन्डको आनन्दका लागि जस्तोसुकै अमिलो, पिरो, डढेको र मसलादार परिकार पनि धमाधम बिनाकुनै भन्सार चेकजाँच भित्र पठाइदिन्छ । यसरी जिब्रोले त स्वाद लियो, कुरा सिद्धियो । स्वादको मजा लिएपछि जिब्रो आफ्नै ओछ्यानमा हाई-हाई गर्दै सुत्छ र दाँतको पहराभित्र आनन्द मनाउँछ । तर, त्यो कोचिएको कुरा पचाउन र विषाक्त तत्त्वलाई रिसाइकल गर्न भित्र कलेजोले कति कसरत गर्नुपर्छ, पित्तथैलीले कति पसिना बगाउनुपर्छ र आन्द्राभुँडीले कति सकस बेहोर्दै ऐया-ऐया गर्नुपर्छ, त्यो त भुँडीलाई मात्र थाहा हुन्छ । जिब्रोको एउटा सानो, क्षणिक र अनुत्तरदायी रहरले गर्दा सारा शरीर नै अन्ततः विभिन्न कडा रोगहरूको नयाँ राजधानी र नयाँ सचिवालय बन्न पुग्छ । सुगर, प्रेसर, ग्यास्ट्रिक, फ्याटी लिभर र युरिक एसिडका नयाँ-नयाँ विलासी अतिथिहरू शरीरमा स्थायी रूपमा डेरा जमाउन र भाडा नदिई बस्न आउँछन् । जब शरीर थला पर्छ र हामी डाक्टरकहाँ पुग्छौँ, तब डाक्टरले गम्भीर मुडमा चस्मा मिलाउँदै भन्छन्, “हेर्नुस् महोदय, यदि बाँच्ने इच्छा छ भने यो जिब्रोलाई अलिकति लगाम लगाउनुस् र अनुशासनमा राख्नुस् !” तर, लगाम लगाउने कसरी ? यो त कुनै विनालगामको जङ्गली र जङ्गी घोडा हो, जो स्वादको खुला मैदान देख्नेबित्तिकै विवेकको बार नाघेर जतातत्तै दगुरिहाल्छ त !

वास्तवमा गहिरिएर हेर्ने हो भने, यो मानव शरीरभित्र जिब्रो एउटा यस्तो चतुर र क्रूर शोषक सामन्त हो, जसले कडा श्रम अरू अङ्गहरूलाई गराउँछ तर त्यसको जस, रस र प्रतिष्ठा भने आफू मात्रै कुम्ल्याउँछ । हातले दुःख गरेर खाना टिपेर मुखमा हालिदिनुपर्ने, दाँतले ढुङ्गा कुटेझैँ पसिना निकालेर चपाइदिनुपर्ने, घाँटीले कष्टपूर्वक निल्नुपर्ने र पेट तथा आन्द्राले रातभर जागराम बसेर पचाउनुपर्ने - अर्थात् मेहनत, श्रम र हिलोमैलोको काम जति अरू अङ्गको, तर नाम, सन्तुष्टि र वाहवाही जति सबै यो साढे दुई इन्चको जिब्रोको ! यदि जिब्रो थोरै मात्र समझदार, लोकतान्त्रिक र संवेदनशील भइदिएको भए, उसले पेटको आन्तरिक स्वास्थ्य, कलेजोको रोदन र मुटुको धडकनको कदर गरिदिएको भए सायद आज मानिसहरू यसरी अकालमै अस्पतालको शय्यामा पुगेर ग्लुकोजको पानीमा आफ्नो जीवन साटिरहनुपर्ने थिएन होला । तर, अफसोस ! यो विलासी जिब्रोलाई त वर्तमानको तत्कालको आनन्द, क्षणिक स्वाद र बजारु सुख मात्र चाहिन्छ । यसलाई भोलिको विनाशसँग कुनै सरोकार नै छैन ।

“शत्रु भनेका-जित्न नसकिएका आफ्नै इन्द्रियहरू हुन्” भनेको साँच्चै हो रहेछ ! जिब्रोको यो चुलबुले, स्वार्थी र अनुत्तरदायी चरित्रका कारण आजको आधुनिक र शिक्षित भनिने मानिस पनि आफ्नै शरीरको सार्वभौम मालिक हुन सकेको छैन, बल्कि ऊ त जिब्रोको एउटा लाचार र आज्ञाकारी कमारो मात्र बनिरहेको छ । यो सानो, बिनाहाडको मासुको चल्तापुर्जा टुक्राले सिङ्गो साढे पाँच फिटको बुद्धिमान् मान्छेलाई समेत स्वादको इसारामा सडकदेखि अस्पतालसम्म नचाइरहेको छ, सारालाई कष्ट दिइरहेको छ र कहिलेकाहीँ त आर्यघाटसम्म पनि पुऱ्याइरहेको छ । त्यसैले, जिब्रोको स्वादको साम्राज्यमा पूर्णविराम नलगाएसम्म भुँडीको बेहाल र शरीरको कुरुक्षेत्र कहिल्यै शान्त हुनेवाला छैन र मानव स्वास्थ्यको सङ्कट पनि टर्नेवाला छैन ।

लघु कथा

# धर्म

✍ दुर्गा

“लौ, धर्मलक्ष्मी यो महिना पुरुषोत्तम मास हो रे ! मच्छेनारायण मेलामा जाऔँ । हिजोआज त्यहाँ दर्शन गर्न आउने मानिसहरूको भिड र लाइन नै लामो छ रे ! धर्म र पुण्य कमाउन जाऔँ,” टोलको छिमेकी विद्यालक्ष्मीले धर्मलक्ष्मीलाई भनिन् । दुवै पूजा सामग्री लिएर मच्छेनारायण मन्दिर परिसरमा पुगे । धर्मलक्ष्मी आफ्नो फाइदाको लागि जे पनि गर्न पछि नपर्ने बाठी थिइन् । उनीसँगै आएकी विद्यालक्ष्मीलाई छोडेर अगाडि लाइनमा छिरिन् । उनको चाला देखेपछि पछाडि दर्शन गर्न लौरो टेकेर लाइनमा उभिनुभएकी बज्यै कराइन् - कस्ती अधर्मी महिला, संस्कार पनि थाहा छैन कि क्या हो ?” अगाडि पछाडि लाइनमा बसेका महिलाहरू सबैले आँखा तरेर हेरे । सँगै गएकी विद्यालक्ष्मीलाई भने एकातिर लाजले मरेतुल्य बनायो भने अर्कोतिर भित्रभित्रै रिस पनि उठ्यो ।

नरिसाउनुस् बज्यै भन्दै उनले धर्मलक्ष्मीलाई हात समातेर पछाडि तानेर लाँदै सम्झाइन्, “यस्तो स्थानमा आएपछि धर्म र संस्कारविपरीत काम गर्नुहुन्छ ? मान्छेको नाम धर्मलक्ष्मी कस्तो राम्रो नाम तर कर्म भने पापी ! त्यस्तो बज्यैले समेत कस्ती अधर्मी, संस्कारविहीन भनेर भन्दा सबैले हेर्दा लाज लागेन ? लाइन लामो छ, घरमा काम छ भन्दैमा हुन्छ ? बरु आउँदै नआउनु नि । छेउबाटै दर्शन गरेर गए भइहाल्छ नि । सासूले बुहारी, बुहारीले सासूलाई, दाजुले भाइलाई, भाइले दाजुलाई दुःख दिने, सास्ती गर्ने मान्छेहरू यहाँ आएर के गर्नु ? जानी नजानी आफ्नो स्वार्थ र फाइदाको लागि गर्न हुने नहुने काम कर्म गरेको पाप पखाल्न बाजागाजासहित बोका बलि दिँदैमा, लाखबत्ती बाल्दैमा पखालिँदैन क्यारे ! त्यस्तै, आँखा चिम्ली घाँटी तन्काइतन्काइ भजनकीर्तन गरेको के अर्थ ? यदि त्यसो हुने भए सबैले त्यस्तो गर्थे र गर्छन् । पढेलेखेका धनी मान्छे स्वार्थी हुन्छ, भन्छन् खोइ !”

उनले फेरि मर्मस्पर्शी कुरा थपिन्, “त्यस्ता मान्छेहरू पापले पोलेर अशक्त भएपछि, छिँडी र आर्यघाटमा राखेपछि मात्र पछुताएर के गर्नु ? त्यो त पाप हो । धर्म र संस्कारमा बस्नु, गरिब, दुःखीको सहयोग र सेवा गर्नु, त्याग गर्नु, समाज र देशको लागि बोल्नु, लड्नु त्यो नै ठुलो धर्म हो, धर्मलक्ष्मी ।”

ओहो ! तिम्रो धर्म र सेवाको कुराले मेरो आँखा खुल्यो । पापी सोच र विचार मेरो दिमागबाट वाग्मतीको पानीले फोहोर बगाएजस्तो तिम्रो विचारले बगाएर लग्यो, आनन्द भयो । अबदेखि म त्यस्तो पापी कर्म गर्दिनँ । तिमीले जस्तै म पनि अरु दिदीबहिनीलाई भन्छु । जाऔँ, लाइनमा भन्दै दुवै पछाडि बस्न गए ।

## अस्तित्वमाथि गस्ती

✍ सत्यराम कासिछ्वा

हिजो जलाइए
सिंहदरबार शीतल निवास
आज गरिब निमुखाको उठीबास ।

सिंहदरबार छिर्ने
भ्रष्टाचारविरुद्ध सुशासनको नारा
आज किन हुँदै सर्वसाधारण जनता मारा ?

स्कूले बालबालिका
विकास र समृद्धिमा दिए आफ्नो ज्यान
आज उठीबास हुँदा गएन त्यहाँ ध्यान ।

लोकतन्त्रमा निर्वाचन
जनता जनार्दन हुँदै कसैलाई दुईतिहाइ
कसैलाई संसद्मा सधैँको लागि बिदाइ ।

अवस्थामा परिवर्तन
निमुखा गरिब जनताको बसाइँलाई गैरकानुन
पहुँचवालाले चोख्याइन्छ किलोका किलो सुन ।

नेतृत्वको व्यवहार
कोही बोलेको बोलै गरेर जनतालाई सास्ती
कोही नबोली मौनताले जनतामाथि हान्छ लात्ती ।

व्यवस्था परिवर्तनमा प्रशासन उही
नेपाली भूमि गुमाउन भारतीय सेना प्रहरीको चम्चागिरी
आज निमुखा जनतालाई उठीबास गर्नेहरूको दादागिरी

परिवर्तनको नाउँमा कहाँ गयो
दुईतिहाइको बहुमतमा नेपालको अस्तित्वमाथि गस्ती
लिपुलेक लिम्पयाधुरा नै गुमाउनुपर्दा कसलाई हुन्छ मस्ती ?

## एउटा मौकाको खोजीमा

✍ विद्रोही राम

यो ठुलो सहरको भीडभित्र
म कतै हराइरहेको छु,
कसैले देख्दैन मलाई,
कसैले भेट्दैन
किनकि
मेरो अगाडि
यो सहरभन्दा ठुलो
एउटा बाध्यता उभिएको छ ।

जहाँ
सङ्गीतको करुण आवाज सुनिँदैन,
सपनाको चिच्याहट गुञ्जिन्छ चारैतिर ।
न बोल्न सजिलो छ यहाँ,
न मौन बस्न नै सजिलो छ ।

हुन सक्छ
बैँसको मात हुन सक्छ,
समयको घात हुन सक्छ,
चेतनाको अँध्यारो रात हुन सक्छ,
वा यो व्यवस्थाकै कठोर हात हुन सक्छ ।

जेसुकै होस्
मेरो अगाडि
एउटा बाध्यता उभिएको छ ।

तर...
तर मैले हार खाएको छैन ।
अगाडि बढ्न तयार छु,
प्रमाणित गर्न सकूँ
म कमजोर होइन ।

म एक सङ्घर्ष हुँ,
म एक क्रान्ति हुँ।

बस,
एउटा मौकाको खोजीमा छु ।

कविता

## तीन मुक्तक

✍ माया

सर्वोच्च अदालत
तोक आदेश भएको
निवेदन दर्ता नगर्ने !
कर्मचारी भागाभाग हुने !
नेपालबार विरोधमा उत्रनुपर्ने
मरेपछि ओखती खुवाउने !

राष्ट्रिय मानव अधिकार आयोग
तयार भएको प्रतिवेदन
सार्वजनिक नगर्ने !
रातो कलम बोकेर के गर्ने ?
दोषीदेखि डराउने !
मरेपछि ओखती खुवाउने !

शासकहरू
कोही एप्स्टिन फाइल दबाउन
निश्चित देशमा सैन्य हमला गर्ने !
कोही हत्या र आगजनी छोप्न
सेनाको आडमा दुईतिहाइ ल्याउने !
कोही सहकारीमा अर्बौं ठगेर
राज्य कोष मासेर केही करोड फिर्ता दिने !

२०८३ जेठ ७

## सजिलो कहाँ छ र ?

✍ साहिँला

जन्मभूमिको महत्त्व
जन्मदाताको माया ममता
प्राणभन्दा प्यारो ठान्छ जसले
उही एक सचेत मानव ।
आफ्नोभन्दा सबैको निम्ति
जीवन अर्पण जसले गर्छ
तिनीहरूको योगदान बलिदानी
समर्पण, त्याग, तपस्याबाट
प्रेरणाको लायक भविष्यमा
उसैको इतिहास कोरिन्छ ।
भावी पुस्ताको उत्प्रेरणा खातिर
जीवनी पनि उसैको लेखिन्छ,
पढाइन्छ पनि
यो संसारको हितको निम्ति
हरदम हरपल जीवन समर्पित
मभन्दा हामी भनी
मनमा राख्नेको
स्वर्णक्षरले जीवनी कोरिन्छ
भविष्यका पथप्रदर्शक
महान् गुरू ठान्छ उसैलाई ।
सारा जनले खाइ नखाई
रगत पसिनाको कमाइ
झ्वाम पार्नेहरू
देश र जनताको हितविपरीत
विदेशीको इच्छाबमोजिम
सन्धि सम्झौता गर्ने
जघन्य अपराधीहरूले
खै कस्तो इतिहास कोर्ने हुन् ?
जीवनी लेख्नु इतिहास कोर्नु
सजिलो कहाँ हुन्छ र ?
कसैको निगाहमा तथास्तु भनी
पक्कै हुने होइन
मनको लड्डु घ्युसँग खाएजस्तै
सोचेजस्तो सजिलो कहाँ छ र ?

## मौनको घेरामा थुनिएको द्वन्द्व

✍ सत्य सुवाल

कहिल्यै आगोझैँ बल्ने सपना थियो,
श्रमिकको हातमा बिहान ल्याउने
गरिबीको अँध्यारो चिर्ने,
समानताको गीत गाउने ।
आज त्यही गीत ओठमा छ,
तर स्वरमा चिसोपन बसिसकेको छ ।
द्वन्द्व किताबमै सीमित भयो,
सङ्घर्षभन्दा सहमतिको अभिनय सजिलो बनाइयो ।
आर्थिक उन्नतिको बाटो हरायो,
र विरोध गर्नु नै राष्ट्रवाद बनाइयो ।
हामी ठीक, अरू सबै गलत,
यो सोच नाराभन्दा बलियो बन्यो,
जहाँ प्रश्न होइन,
पूर्वधारणा शासन गर्छ ।
सधैँ उही नारा,
उही शब्द, उही शैली–
समय बदलिँदा पनि
लय बदलिएन ।
कार्यकर्ता मौन भए,
ताली बजाउने हात बाँकी रहे,
प्रश्न सोध्ने आवाज हरायो ।
अन्तरक्रिया जोखिम बन्यो,
न्यूनतम प्रजातान्त्रिक अभ्यास
‘अनुशासन’ भित्र थुनियो ।
माथिबाट निर्णय आउँछ,
तलबाट सहमति तयार हुन्छ,
बिचको बहस हराउँछ ।
सानो फरक सोच
ठुलो शङ्का बन्छ,
कारबाहीको छायाँले
विचारको उज्यालो ढाक्छ ।
जिद्दीलाई सिद्धान्त भनिन्छ,
स्थिरतालाई दृढता,
परिवर्तनको मागलाई
विचलनको लेबल दिइन्छ ।
बाहिर अडान बलियो देखिन्छ,
भित्र गति रोकिने सङ्केत छ ।
द्वन्द्वात्मक भौतिकवाद भन्छ,
परिवर्तन रोकिँदैन,
तर यहाँ
परिवर्तनलाई नै रोक्ने अभ्यास छ ।
अन्त्यमा,
हार एकै दिनमा आएको होइन,
यो त बिस्तारै मौन हुँदै गएका आवाजहरूको परिणाम हो ।
जब प्रश्न रोकिन्छ,
जब बहस हराउँछ,
जब ‘हामी मात्र सही’ भन्ने सोच बलियो हुन्छ,
त्यहीँ सीमित हुन्छ भविष्य ।
हार विपक्षीको जित मात्र होइन,
भित्रै मरेको द्वन्द्वको परिणाम हो ।
जहाँ प्रश्न मर्छ,
त्यहाँ आन्दोलन पनि बिस्तारै मर्छ ।

# समाज सुधारमा मार्गनिर्देशन तथा स्वागत कार्यक्रम

भक्तपुर, ८ जेठ। समाज सुधार माध्यमिक विद्यालयले शुक्रबार एक समारोहबिच एसईई परीक्षा उत्तीर्ण विद्यार्थीलाई बधाई तथा मार्ग निर्देशन कार्यक्रमको आयोजना गऱ्यो।

उक्त मार्ग निर्देशन कार्यक्रममा भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले शिक्षण सिकाइलाई व्यवहारमा लागू गर्न जोड दिनुपर्ने बताउनुभयो।

उच्च शिक्षा हासिल गरे पनि व्यवहारिक ज्ञान नहुँदा विद्यार्थीहरूमा हिनताबोध हुने र लहै लहैमा लागेर उच्च शिक्षा अध्ययन गर्दा असफल भएको औँल्याउँदै उहाँले आफूले आर्जन गरेको ज्ञान, सीप र कला स्वदेशमै लगानी गर्नुपर्नेमा जोड दिनुभयो।

विद्यार्थीको लागि भक्तपुरमै विभिन्न विषय पढ्ने अवसर मिलेको स्पष्ट पार्दै उहाँले भक्तपुर नगरपालिकाले शिक्षा स्वास्थ्य सेवा, सरसफाइ, सम्पदा संरक्षणमा उदाहरणीय कार्य गरिरहेको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक जगन्नाथ प्रजापतिले विद्यार्थीको शिक्षास्तर उठाउने काममा विद्यालय लागिपरेको चर्चा गर्दै विद्यालयको गतिविधिबारे प्रकाश पार्नुभयो।

विद्यालयका पूर्वशिक्षक विष्णुगोपाल कुसीले एसईईको नतिजाभैँ अरु सफलताका सिँढीहरू पार गर्न थप मेहनत गर्नुपर्ने आवश्यकता औँल्याउँदै विद्यालयले असल, देशभक्त, इमानदार सक्षम, योग्य र अनुशासित नागरिक तयार गर्न पहल गरिरहनुपर्नेमा जोड दिनुभयो।

पच्छिमेली फिल्म र फेसनले देशका युवा-विद्यार्थीहरू कुलतमा फसिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले देशको लागि एक जिम्मेवार र सफल नागरिक तयार गर्न सके देशको लागि आवश्यक जनशक्ति पूर्ति हुने विचार व्यक्त गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा एसईईमा उत्तीर्ण विद्यार्थीलाई सम्मान गरिएको थियो।

यस अघि नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत कार्यक्रम गरिएको थियो।

उक्त कार्यक्रममा पूर्वप्रअ लक्ष्मीनारायाण दुवाल, प्रअ जगन्नाथ प्रजापति, सुरज दिदीयाले पनि बोल्नुभएको थियो। दुवै कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।

# रवि, जीबी र छविसहित अन्य प्रतिवादीको पनि सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता

काठमाडौँ, ७ जेठ। कास्की जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँगै फरार रहेका गितेन्द्रबाबु राई (जीबी) विरूद्ध रहेको यथावत राख्ने भन्दै जिल्ला अदालतमा निवेदन दिएका थिए।

त्यस निवेदनमाथि शुक्रबार न्यायाधीश हिमलाल बेलबासेको इजलासले




सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध कसुरलाई फिर्ता गर्ने आदेश गरेको छ।

तत्कालीन महान्यायाधिवक्ता सबिता भण्डारीले स्वीकृति दिएपछि जिल्ला सरकारी वकिल कार्यालयले दुई वटा कसुर झिक्ने र सहकारी ठगी सम्बन्धी कसुरलाई फैसला गर्दै रविसँगै जीबी राई र अन्य प्रतिवादीहरूको पनि सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको कसुर झिक्ने निर्णयलाई सदर गरेको हो। यसमा पूर्वडीआइजी छविलाल जोशीको पनि मुद्दा फिर्ता भएको हो।

"निवेदकको माग व्यहोरा मनासिब रहेको देखिँदा निवेदन मागबमोजिम प्रस्तुत निवेदनसँग सम्बन्धित उक्त मूल थप र पूरक अभियोग पत्रहरूमा सहकारी ठगीको अभियोग दाबी कायम राखी अन्य सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण समेतको अभियोग दाबी कायम नरहने गरी संशोधन गरिदिएको छ", उक्त आदेशमा भनिएको छ।

महान्यायाधिवक्ता भण्डारीले पुस ३० गते रवि लामिछानेको हकमा मात्रै मुद्दा संशोधन गर्ने निर्णय गरेकी थिइन्। तर त्रुटि भएको बताउँदै माघ २ गते जीबी राईसहित सबै अन्य प्रतिवादीको पनि अभियोग संशोधन गर्न अनुमति दिएकी थिइन्।

जाहेरवालाका बचत रकम शीघ्र फिर्ता दिलाउनका लागि निवेदकले सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध कसुर झिक्ने गरी दिएको निवेदनमा कुनै दुराशय नदेखिएको भन्दै यस्तो आदेश गरेको छ।

"अभियोजनकर्ताको मनशायमा कुनै दुराशय नदेखिई जाहेरवाला र अभियोग लगाइएका व्यक्तिहरू समेतका दुबै पक्षका हक अधिकारप्रति संवेदनशीलता नै देखिएको समेतबाट निवेदकको निवेदन माग बेहोरा मनासिब रहेको देखिँदा प्रस्तुत निवेदनसँग सम्बन्धित उक्त मूल थप र पूरक अभियोग पत्रहरूमा सहकारी ठगीको अभियोग दाबी कायम राखी अन्य सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण समेतको अभियोग दाबी कायम नरहने गरी संशोधन गरिदिएको छ", आदेशमा भनिएको छ।

***विदेश...***

संस्थानका नर्सिङ विभागीय प्रमुख ईश्वरी डंगोललगायतले मार्गनिर्देशन गर्नुभएको थियो। विद्यालयका प्राचार्य बदनकेशरी प्रजापतिले पनि बोल्नुभएको उक्त कार्यक्रममा विद्यार्थीहरूले विद्यालयमा अध्ययन गर्दाको अनुभव राख्नुभएको थियो।

शिक्षक पुरूषोत्तम सुवाल, मनिता थापा र अन्जना कुम्पाखले कार्यक्रममा गीत प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा विद्यार्थीहरूलाई हरिबहादुर श्रेष्ठद्वारा लिखित 'मार्गनिर्देशनबारे भाइबहिनीलाई चिट्ठी' पुस्तिका वितरण गरिएको थियो।

***नेपाली....***

'नर्कको बास होस्' भनी सराप्छन् र थुक्छन्। दु:खका त्यस्ता कथा-व्यथा हुँदाहुँदै केही तथाकथित पढेलेखेका माथिल्ला वर्गका 'भलादमीहरू' किन आफ्नो देशलाई धिक्कार्दै अरु देशको प्रशंसा गर्छन्? ती प्रशंसकहरूलाई छट्टु स्यालको कथाको स्यालजस्ता हुन् भन्नु उपयुक्त हुन्छ।

दुई वर्षअघिको जर्ज फ्लोयडको हत्याकाण्डले संरा अमेरिका र पश्चिमी देशको मानव अधिकार, समानता, सभ्यता एवम् प्रजातन्त्रका धेरै कथाहरूमाथि प्रश्न चिह्न लाग्यो। बरू आफ्नै देशको विकास र प्रगतिमा लाग्न, असमानता हटाउन, सभ्य र सुसंस्कृत समाज निर्माणमा लाग्न सबैलाई आह्वान गर्नु जरूरी छ। कर्तव्य पालन गर्ने हरेक नेपाली जनताले आफू नेपालको नागरिक भएकोमा गर्व गर्नेछन्।

१४ असार २०७९ (२८ जून २०२२)
सम्पादकीय सङ्कलन (तेस्रोखण्ड)

***सुकुमवासी...***

३६ औँ जन्मदिन पनि मनाइसकेका छन्।

सुकुमवासीहरूमाथि लामो समय राजनीति चलिरह्यो। उनीहरूलाई सधैँ भोट बैङ्क बनाइयो तर उनीहरूको उचित बासस्थानका लागि सधैँ आनाकानी मात्र गरियो। बस्तीमा मानिसहरू थपिँदै गए। को हुन् खास सुकुमवासी र को होइनन् भन्ने पत्ता लगाउनसमेत हम्मेहम्मे पर्ने स्थिति आयो। यस्तै बेला हो, सरकार र सरकारी निकाय चाहिने। आधिकारिक निकायले लगत सङ्कलनमा ध्यान दिनुपर्थ्यो र वास्तविक सुकुमवासीको पहिचान गर्दै, सुकुमवासीलाई पुनर्स्थापित गरिनुपर्थ्यो भने नक्कली सुकुमवासीको हकमा लामो समयदेखि जग्गा कब्जा गरेको भन्दै उनीहरूलाई दण्डित पनि गर्नुपर्थ्यो।

तर, 'गरिब हटाएर सहर सुन्दर बनाउने सपना' देखेका प्रधानमन्त्री साहले त्यसो गरेनन्। उनले त राज्यको सिङ्गो शक्ति नै लगाइदिए। जस्तो कि, यो पटक बाहिरी घेरामै सही– सुकुमवासी हटाउनका लागि सेना र सशस्त्र प्रहरीसमेत पुगेको देखियो।

यसरी राज्य नै लागेपछि आफ्नो एउटा टाउको लुकाउने छतसमेत नभएका सुकुमवासीले गर्नै पो के सक्थे र? यसअघि उनीहरूले पटकपटक प्रतिरोध गरेकै थिए। सँगसँगै यो पनि भनेका थिए कि उचित विकल्प दिएमा हामी ठाउँ छोड्न तयार छौँ। आज सुकुमवासीहरूले सजिलै ठाउँ छोडेजस्तो देखिए पनि त्यसको अन्तर्य भने फरक छ। अनलाइनखबरसँग कुरा गर्दै गीता लामाले शङ्का गरेकी छन्, "अब कसैको केही लाग्दैन यहाँ। हाम्रो भाग्यमा यस्तै त रहेछ नि।"

निरीह र गरिबहरूले दोष दिन सक्ने भनेको आफ्नै भाग्यलाई हो। आफ्नो गरिबीलाई हो। यो पटक पनि उनीहरूले आफ्नो भाग्यलाई नै दोष दिइरहेका छन्। उसो त सुकुमवासीलाई सुकुमवासी कसले बनायो? एउटा मानिस वा परिवार सुकुमवासी बन्नुको पछाडि राज्यको पनि हात हुन्छ भनेर कसैले भन्ला वा नभन्ला? सामाजिक सञ्जालको 'अल्गोरिदम' मा यस्तो बहस पो चल्ला कि नचल्ला? कि एकोहोरिसकेको अल्गोरिदमको भक्तिगानमा लट्ठीएर 'गरिब लखेटे मात्रै सहर सुन्दर हुन्छ' भन्ने भाष्यलाई नै बलियो बनाइरहेको छ? त्यसो त, गरिबहरूको नियन्त्रणमा अल्गोरिदम पनि त हुँदैन।

इतिहासतिर फर्केर हेर्दा यसका जरा लोकतान्त्रिकभन्दा अलोकतान्त्रिक व्यवस्थाका प्रक्रियासँग जोडिन्छन्। यसको लागि एउटै उदाहरण काफी छ। त्यो हो, हिटलरले यहुदीविरूद्ध अभ्यास गरेको 'आईडेन्टिफिकेसन'। त्यसपछि के भयो? धेरैलाई थाहा छ। यहाँ रोचक के छ भने बालेन्द्रलाई कुनै समय एउटा पडकास्टमा हिटलरबारे सोधिएको प्रश्नमा उनले भनेका थिए, "भेटेर धेरै कुरा सिक्न मन थियो, स्ट्राटेजिक प्लानिङ र उहाँले कसरी सबैलाई एउटै सोच्ने बनाउनुभयो, त्योचाहिँ बुझ्न मन थियो।"

अल्गोरिदमकै कुरा गर्दा– सुकुमवासी बस्ती हटाउने क्रममा सब ठीक भयो, कहीँकतै केही गलत भएन। गलत होस् पनि कसरी! जबकि, बस्ती उजाडिएपछि प्रहरीले आफ्नो आधिकारिक फेसबुक पेजमा स्थानीयलाई सहयोग गरेको तस्वीर राख्यो। तर, स्थानीयको आर्तनाद न आफूले खिच्यो, न त सञ्चारकर्मीलाई नै खिच्न दियो।

**मेरिना राना मगरको बालसुलभ प्रश्न**

नोभेम्बर २०२२ मा 'काठमाडौँ पोस्ट'ले छापेको एउटा समाचारको सुरुआत सात वर्षीया मेरिना राना मगरको बालसुलभ प्रश्नबाट भएको थियो, जहाँ उनी प्रत्येक बिहान विद्यालय जानुअघि आफ्ना बाबालाई सोध्थिन्, 'बाबा, हाम्रो घर भत्किएपछि हामी कहाँ जान्छौँ?'

थाहा छैन, यतिखेर मेरिना आफ्नो बाबालाई के सोधिरहेकी छन्? सम्भवत: यस देशका धेरै सुकुमवासी बस्तीका नानीबाबुहरू आफ्ना बाआमालाई यस्तै प्रश्न सोधिरहेका होलान्। प्रधानमन्त्री बालेन्द्र साहले १० वैशाखमा दिएको निर्देशनअनुसार देशैभरका अन्य बस्तीहरू पनि भत्किने छन् वा भत्किने छैनन्? त्यो आगामी दिनले बताउला। तर, काठमाडौँको सुकुमवासी बस्तीका बारेमा एउटा निष्कर्ष निस्किएको छ– त्यहाँ भएका घटनाक्रम न मानवीय हुन्, न न्यायसङ्गत, न त संवैधानिक।

एउटा संवैधानिक सरकारले गर्नुपर्ने काम थियो: पहिले गएर नदीकिनार बसोबासीसँग कुराकानी गर्ने, कागजपत्र जाँच्ने, वास्तविक सुकुमवासी छुट्याउने, वैकल्पिक आवासको व्यवस्था गर्ने र त्यसपछि मात्र सार्ने। यो विधि ढिलो हुन्थ्यो होला। तर, त्यो मानवीय हुन्थ्यो। बालेन्द्र सरकारले रोजेको बाटोचाहिँ छिटो थियो, एडीबीको परियोजनाको लागि, सहरको सौन्दर्यको लागि र अन्तर्राष्ट्रिय साखको लागि।

जुन पार्टीको सरकार छ, त्यस पार्टीका प्रवक्तालाई थाहा नभएको, सरकारका प्रवक्तालाई थाहा नभएको, मन्त्रिपरिषद्को निर्णय नभएको एकजना मानिसको हठ र एउटा अन्तर्राष्ट्रिय संस्थाको आर्थिक स्वार्थको दबाबले हजारौँ मानिसको आवास खोसिएको छ। सुकुमवासी समस्याको समाधान डोजरबाट हुँदैन। यो समस्या जटिल छ, दशकौँ पुरानो छ।

यसको जरो भूमिसुधार, विकेन्द्रीकरण र सहरी योजनामा गएर जोडिन्छ। डोजर चलाउनु सबैभन्दा सजिलो छ। सबैभन्दा गाऱ्हो र सबैभन्दा आवश्यक भनेको चाहिँ, मानिससँग बस्नु, सुन्नु र न्यायिक समाधान खोज्नु हो। तर, प्रधानमन्त्री साहले सजिलो बाटो रोजे। एडीबीले चाहेको र परियोजनाले माग गरेको– जसको मूल्य थापाथली र काठमाडौँ नदीकिनारका सुकुमवासीहरूले चुकाइरहेका छन्। साहले स्पष्ट नभने पनि 'गरिबको लागि सहर कहिल्यै आफ्नो नहुने' भन्ने भाष्य भने लगातार निर्माण गरिरहेका देखिन्छन्।

यसमा आर्थिक आयाम पनि हेर्नुपर्छ। रास्वपा सरकारले सत्तामा आएको महिना दिन नबित्दै एडीबी र विश्व बैङ्कले दिने भनेको साढे १८ करोड अमेरिकी डलर ऋण स्वीकार गर्ने निर्णय गरिसकेको छ। अन्तर्राष्ट्रिय ऋणदाताहरूको दबाब र नेपाल सरकारको वित्तीय निर्भरताको सन्दर्भमा हेर्दा सुकुमवासीहरूमाथि डोजर गुड्नु त्यति सरल घटना होइन, एउटा रणनीतिक निर्णय हो। यही रणनीतिको चेपुवामा काठमाडौँ नदीकिनारका सुकुमवासीहरू परेका देखिन्छन्।

हार्दिक समवेदना

जन्म
२०१२/०४/२९



स्वर्गारोहण
२०८३/०२/०४

नेपाल कर्मचारी समाज इन्जिनियरिङ कलेज एकाइ समितिका सदस्य निरूलक्ष्मी प्रजापतिकी ममतामयी माता **ज्ञानलक्ष्मी प्रजापति**को असामयिक निधन भएको हुँदा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**नेपाल कर्मचारी समाज इन्जिनियरिङ कलेज एकाइ समिति, लिबाली, भक्तपुर**

स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुन:प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना

जन्म
२०२९/०२/१५



स्वर्गारोहण
२०८३/०१/३०

हाम्रा मिलनसार साथी ईश्वर श्रेष्ठकी ममतामयी माता **निर्मला श्रेष्ठ**को अल्पायुमै दु:खद निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**साथीहरू:**

रामसुन्दर सुजखु — दिव्यलक्ष्मी बज्राचार्य — बासुकृष्ण गोसाई
पवन चवाल — सत्यराम उलक — निर्मला लिवि

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**आयव्यय विवरणसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका कार्यालयको २०८३ वैशाख महिनासम्मको आयतर्फ रू. १,३६,४१,१०,९२३।६५ र व्ययतर्फ रू. १,२६,४२,७१,७९७।८२ रहेको छ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा